# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १११ | काठमाडौं | शनिबार, २७ साउन २०८० | Prabhab National Daily | Saturday, August 12, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


टुंगियो कामपा-बूनपा विवाद

## सहमतिपछि खहरे खोलामा चल्यो डोजर

**काठमाडौं (प्रस)-** काठमाडौं महानगरपालिकाले कपन सात तल्लेस्थित खहरे खोलामा डोजर चलाएको छ । महानगरले बूढानीलकण्ठ नगरपालिकाको सीमा जोडिएको उक्त खहरे खोलामा गाडिएको ह्युम पाइप निकाल्न शुक्रबारदेखि डोजर चलाउन सुरु गरेको हो । बूढानीलकण्ठ नगरपालिकासँगको सहमतिपछि डोजर चलाउन सुरु गरिएको महानगरले जनाएको छ ।

शुक्रबार काठमाडौं महानगरपालिका-७ र बूढानीलकण्ठ नगरपालिका-१० मा पर्ने धोबी खोलादेखि साततल्लेसम्मको खहरे खोला सतहमा नापजाँचअनुसार खोलामा राखिएको 'ह्युम पाइप' निकाल्ने सहमति भएको बूढानीलकण्ठ-१० का वडाध्यक्ष तथा नगरपालिकाका प्रवक्ता नवराज भट्टराईले जानकारी दिए ।

शुक्रबार काठमाडौं महानगरपालिका-७ र बूढानीलकण्ठ नगरपालिका-१० मा पर्ने धोबी खोलादेखि साततल्लेसम्मको खहरे खोला सतहमा नापजाँचअनुसार खोलामा राखिएको 'ह्युम पाइप' निकाल्ने सहमति भएको बूढानीलकण्ठ-१० का वडाध्यक्ष तथा नगरपालिकाका प्रवक्ता नवराज भट्टराईले जानकारी दिए । खहरे खोला खुला गर्न काठमाडौं महानगरले ल्याएको डोजर चलाउने सहमति गरिएको उनले बताए ।

यसअघि बिहीबार बिहानदेखि दुई पालिकाबीच खोलाको विषयमा विवाद हुँदा खोला वरपरको संरचना हटाउन सकिएको थिएन । महानगर र नगरपालिकाका स्थानीयहरूसमेत दुईतर्फी बाँडिएका थिए । नगर प्रहरीसहित पुगेको महानगरको डोजर स्थानीय जनप्रतिनिधि र स्थानीयवासीको विरोधपछि फर्काइएको थियो । बिहीबार महानगरले कुनै सहमति तथा समन्वय नगरी आफ्नै हिसाबमा डोजर चलाउन सुरु गरेकोमा बूढानीलकण्ठ नगरपालिकाले असहमति (विरोध) गरेको वडाध्यक्ष भट्टराईले स्पष्ट पारे ।

शुक्रबार नापी कार्यालय चावहिलमा भएको सहमतिमा काठमाडौं महानगरपालिका-६ र ७ का वडाध्यक्षद्वय विमल होडा र भुवन लामा तथा बूढानीलकण्ठ-१० र १२ का अध्यक्ष नवराज भट्टराई र शम्भुप्रसाद भट्टराईबीच दुवैतर्फका जग्गाधनीको नक्सा पुर्जाअनुसारको जग्गा छुटचाइ बाँकी जग्गा खहरे रेखांकन गरी छुटचाउने सहमति भएको हो ।

काठमाडौं महानगरपालिका-७ का वडाध्यक्ष विमल होडाले नापजाँचबाट सीमा यकीन गरी खहरे भाग छुटचाएपछि दीर्घकालीन समस्या समाधानको योजना बनाई खहरे तथा बाटो व्यवस्थापन गर्न वडाध्यक्षको लिखित सहमतिमा दोस्रो चरणको (बाँकी पृष्ठ २ मा)

# किन थुनामुक्त भए सांसद शर्मा ?

- बेलबारी-९ मोरङ स्थायी ठेगाना भएका सुनिल शर्माले भारतबाट कक्षा १२ उत्तीर्ण भनी ल्याएको शैक्षिक प्रमाणपत्र नक्कली पाइएको प्रहरीको अनुसन्धान ब्युरो(सिआइबी)को दाबी
- नेपाली कांग्रेसको औपचारिक निर्णय नआउँदै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको भने शर्मालाई पक्राउ गरिएकामा आपत्ति
- सार्वजनिक लिखत कीर्ते गरेकोमा थाहा पाएको मितिले दुई वर्ष र यस परिच्छेद्अन्तर्गतको अन्य कसूरमा त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर नलाग्ने हदम्यादको व्यवस्थाबारे कांग्रेस बैठकमा चर्चा



■ **प्रभाव संवाददाता**

**काठमाडौं-** नेपाली कांग्रेसका सांसद सुनिल शर्मा थुनामुक्त भएका छन् । बिहीबार काठमाडौंको गोल्फुटारबाट पक्राउ परेका शर्मालाई थुनाबाहिरै राखेर अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतले आदेश दिएपछि शुक्रबार साँझ प्रहरीले थुनामुक्त गरेको हो । मेडिकल कलेज सञ्चालकसमेत रहेका सांसद शर्मा रिहा हुँदा स्वागत गर्न व्यवसायी दुर्गा प्रसाईंसमेत लाजिम्पाट पुगेका थिए ।

बेलबारी-९ मोरङ स्थायी ठेगाना भएका शर्माले भारतबाट कक्षा १२ उत्तीर्ण भनी ल्याएको शैक्षिक प्रमाणपत्र नक्कली पाइएको प्रहरीको अनुसन्धान ब्युरो (सिआइबी)ले जनाएको छ । यही आरोपमा' फक्सट्रट चार्ली' अपरेसनमा पक्राउ परेका थिए । शुक्रबार उनलाई म्याद थप गर्न सिआइबीले जिल्ला अदालत काठमाडौं लगिएको थियो ।

### अदालतको आदेशले राहत

सुनिल शर्मा प्रतिनिधिसभा सदस्य भएकाले थुनामा राखिराख्नुपर्ने अपरिहार्यता नदेखिएको अदालतको ठहर छ । सिआइबीले पक्राउ परेकाविरुद्ध लिखत कीर्ते कसूरमा अनुसन्धान अगाडि बढाएको छ । यद्यपि, कांग्रेस बैठकमा शर्मालाई पक्राउ गर्न नमिल्ने विषयमासमेत चर्चा चलेको थियो । बैठकमा कतिपय नेताहरूले हदम्यादका कारण शर्मामाथि मुद्दा नलाग्ने दाबी गरिएको थियो ।

मुलुकी अपराध संहिता ऐन २०७४ को परिच्छेद्मा कीर्तेसम्बन्धी कसूर गर्नेलाई सजायको व्यवस्था छ । लिखतसम्बन्धी कसूर शीर्षकको दफा २७६ को उफदफा ३ मा सरकारी वा सार्वजनिक लिखत कीर्ते गर्नेलाई सात वर्षसम्मको कैद र ७० हजार रूपैयाँसम्म जरिवाना लाग्ने उल्लेख छ । यद्यपि यसमा हदम्यादबारे दफा २८३ मा लेखिएको छ, 'सार्वजनिक लिखत कीर्ते गरेकोमा थाहा पाएको मितिलि दुई वर्ष र यस परिच्छेद अन्तर्गतको अन्य कसूरमा त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन ।' यही आधार देखाउँदै कांग्रेस बैठकमा शर्मालाई पक्राउ गर्न नमिल्ने तर्क प्रस्तुत भएको हो ।

सांसद शर्मालाई सात वर्षअघि 'अपरेसन क्वाक'बाटै नक्कली प्रमाणपत्र भएको आरोपमा पक्राउको तयारी थियो । अपरेसन चलेको सुइको पाउनसाथ जापान भागेर त्यतिबेला उनी बचेका थिए । अपराध संहिताको आधार मान्ने हो भने उनलाई (बाँकी पृष्ठ ७ मा)

तर, अदालतले शर्मालाई थुनाबाहिरै राखेर अनुसन्धान गर्न आदेश दिएपछि उनी थुनामुक्त भए । न्यायाधीश दण्डपाणी शर्माको इजलासले सुनिललाई थुनाबाहिरै राखेर अनुसन्धान गर्न आदेश दिएको हो । सोही प्रकरणमा पक्राउ परेका अन्य दुई जनालाई सात दिन र बाँकी तीन जनालाई पाँच दिन म्याद थप गरी अनुसन्धान गर्न अदालतले आदेश दिएको छ ।

**एमाले सांसदकै आपत्ति**

पक्राउ कांग्रेसको सांसद । तर विरोध एमालेबाट । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले शर्मालाई पक्राउ गरिएकामा सदनमै आपत्ति जनायो । 'नेपाली कांग्रेसका सांसद माननीय सुनिलकुमार शर्मालाई सुन छानबिन गर्न माग गरिरहेकै बेला पक्राउ गरेकामा घोर आपत्ति छ,' शुक्रबार प्रतिनिधिसभाको बैठक सुरु हुनसाथ एमाले सांसद ज्वालाकुमारी साहले भनिन् । शर्मा केही दिन अघिदेखि १०० किलो सुन प्रकरणमा अर्थमन्त्री डा. प्रकाशशरण महतको राजीनामा माग्ने सांसद हुन् । प्रतिपक्षीलेसमेत अर्थमन्त्रीको राजीनामा माग्न नसकेको समयमा शर्माले आँट गरेको कतिपयको तर्क थियो । यही विषयले हुन सक्छ शर्मा पक्राउ पर्दा कांग्रेस नेताहरूको कुनै प्रतिक्रियासमेत आएन । यद्यपि, संसदीय दलको बैठकले भने यसलाई अनुचित र गैरकानुनी नै भएको ठोकुवा गऱ्यो ।

यही सुन प्रकरणमा उच्चस्तरीय छानबिन समितिको माग गर्दै एमालेले साउन १० देखि सदन अवरोध जारी राखेको छ । एमालेले शुक्रबार पनि यही माग राख्दै सदन अवरुद्ध गऱ्यो । बैठक सोमबार १ बजे बस्ने गरी स्थगित भएको छ ।

**कांग्रेसको औपचारिक निर्णय आउन बाँकी**

कांग्रेसले आफ्ना सांसद शर्माको पक्राउलाई गैरकानुनी भनेको छ । शुक्रबार बसेको संसदीय दलको बैठकले शर्मालाई प्रतिशोध साँधेर पक्राउ गरिएकोसमेत भनाइ सांसदहरूले राखे ।

बैठकपछि सांसद श्यामकुमार घिमिरेले शर्माको पक्राउ गैरकानुनी भएको बताए । 'सुनिल शर्माको विषय गम्भीररूपमा उठ्यो । संसद् चलिरहेका बेला सामान्य केसमा पक्रिनु गैरकानुनी काम हो । सुन प्रकरणको विरोध गर्दा प्रतिशोध साँधेको हो कि जस्तो लाग्छ,' घिमिरेले भने । (बाँकी पृष्ठ ७ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

प्रधानमन्त्री दाहालको निर्देशन

## 'वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाऊ'

■ **प्रभाव संवाददाता**



**काठमाडौं-** प्रधानमन्त्री पुष्पकमल दाहालले वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउन आवश्यक नीति बनाई कार्यान्वयन गर्न निर्देशन दिएका छन् । शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको छलफलमा उनले सरोकारवाला मन्त्रालय र अधिकारीहरूलाई उक्त निर्देशन दिएका हुन् ।

वैदेशिक रोजगारीको क्रममा नेपालीहरूले विभिन्न समस्या भोग्नुपरेकोप्रति प्रधानमन्त्रीले चासो व्यक्त गरेका थिए । 'वैदेशिक रोजगारीको क्रममा नेपालीहरूले विभिन्न प्रकृतिका समस्या भोग्नुपरेकोले ती समस्याहरूको दीर्घकालीन निराकरणका उपायबारे विस्तृत अध्ययन गरी अर्को बैठकमा प्रस्ताव पेस गर्नू,' बैठकमा प्रधानमन्त्री दाहालले भने ।

उनले वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउन आवश्यक रहेकोमा जोड दिए । 'देशको अर्थतन्त्र धानिरहेका नेपाली श्रमिकहरूको सम्मान र हित रक्षा गर्न प्रधानमन्त्रीले निर्देशन दिनुभयो,' प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । बैठकमा श्रम बजारलाई मर्यादित र सुरक्षित बनाउने सम्बन्धमा महत्त्वपूर्ण छलफल भएको जनाइएको छ ।

छलफलमा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले के-कस्ता समस्या भोगिरहेका छन् र त्यसको समाधान कसरी गर्ने, देशभित्रको श्रमबजारलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा छलफल भएको हो ।

सम्पूर्ण श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्नेबारेसमेत महत्वपूर्ण छलफल भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जानकारी दिएको छ । यसका निम्ति यही साउन ३१ गते एक औपचारिक समारोहको आयोजना गरिने जनाइएको छ ।

छलफलमा उपप्रधानमन्त्री पूर्णबहादुर खड्का, अर्थमन्त्री डा. प्रकाशशरण महत, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरदसिंह भण्डारी, नेपाल सरकारका मुख्यसचिव डा. वैकुण्ठ अर्याल, अर्थसचिव, परराष्ट्रसचिव, श्रमसचिव, प्रधानमन्त्री कार्यालयका प्रशासन महाशाखा हेर्ने सचिवलगायतका विशिष्ट पदाधिकारीहरू सहभागी थिए ।

## कर्णालीबाट श्रम स्वीकृति लिनेको संख्या बढ्यो

**सुर्खेत (छिन्चु)-** पछिल्लो समय कर्णाली प्रदेशबाट वैदेशिक रोजगारीका लागि विदेशिनेको संख्या दैनिक बढ्दै गएको छ ।

आर्थिक वर्ष २०७९/८० मा नयाँ श्रम स्वीकृति लिनेको कूल संख्या तीन हजार ३०० रहेको श्रम तथा रोजगार कार्यालय सुर्खेतले जनाएको छ । कार्यालयकी सूचना अधिकारी निर्मला रेग्मीले आव २०७५/७६ मा ९१९ पुरुष र महिला सात जनाले पुनः श्रम स्वीकृति लिएका जानकारी दिइन् । उनका अनुसार २०७६/७७ मा एक हजार ९९० पुरुष र ३६ महिला, २०७७/७८ मा ६६७ पुरुष र आठ महिला र २०७८/७९ मा एक हजार पाँच पुरुष र २६ महिलाले श्रम स्वीकृति लिएका थिए ।

आफ्नो देशमा भन्दा अन्य देशमा काम गर्न बढी रुचाउने भएकाले गर्दा पनि विदेशिनेको संख्या बढ्दै गएको उनले बताइन् । श्रम तथा रोजगारका लागि नेपालबाट साउदी, कतार मलेसिया, बहराइन, कुवेत र संयुक्त अरब इमिरेट्स (युएई), क्रोएसिया, अल्बानिया, पोल्याण्ड, रोमानिया, स्लोभाकिया, हंगेरी, माल्दोभा र बेलारुसमा जानेको संख्या बढिरहेको जनाइएको छ ।

उनले भनिन्, 'उच्च शिक्षामा व्यवसायी तथा सीपमूलक शिक्षा अनिवार्य गर्नुपर्छ ।' कर्णालीको सल्यानबाट धेरै श्रम तथा रोजगारका लागि जाने गरेको उनले बताइन् । वीरेन्द्रनगर-१ का भद्र सुनारले सरकारले स्वदेशमा नै रोजगारीको व्यवस्था मिलाउन सकेमा विदेशिनेको संख्या कम हुने बताए । *रासस*

## तेस्रो एनआरएन विश्व ज्ञान सम्मेलनको तयारी

**काठमाडौं (प्रस)-** गैरआवासीय नेपाली संघको तेस्रो एनआरएन विश्व ज्ञान सम्मेलन आगामी असोज ३० र कात्तिक १ गते (अक्टोबर १७ र १८)मा हुने भएको छ ।

सम्मेलनमा २५ भन्दा बढी देशका १०० भन्दा बढी प्रतिष्ठित विश्वविद्यालय, अनुसन्धान केन्द्रहरूबाट ३०० भन्दा बढी प्रस्तोताहरूको सहभागिता रहने बताइएको छ ।

सम्मेलनमा २०० वटा कार्यपत्र प्रस्तुत गरी छलफल हुने शुक्रबार 'भर्चुअल' माध्यमबाट आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो । सम्मेलनका संयोजक सहप्राध्यापक राजु अधिकारीले सम्मेलनका लागि आवश्यक सबै तयारी पूरा हुने क्रममा रहेको बताए ।

'सामाजिक अर्थतन्त्र विकासका लागि वैज्ञानिक अन्वेषण र लगानी' भन्ने मूल नारा रहेको यो सम्मेलनमा अर्थ, विज्ञान, पूर्वाधार, कृषि र ऊर्जामा आधारित चारवटा प्लेनरी सेसनसहित ११ विभिन्न विधामा गैरआवासीय नेपाली विज्ञहरू, नेपालमा रहेका विज्ञहरू र नेपालसँग जोडिएका विदेशी विज्ञहरूले कार्यपत्र प्रस्तुत गर्ने उनको भनाइ छ ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।



- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।



- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।



- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।



- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।



- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।



- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।



**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## सहमतिपछि खहरे खोलामा..

पृष्ठ १ बाट जारी

काम सुरु गर्ने योजनासमेत बनाएको बताए ।

बुढानीलकण्ठ नगरपालिका-१० र १२ तथा काठमाडौं महानगरपालिका-६ र ७ को सीमा यकीन गरी नापनक्सा गर्न नापी कार्यालय चाबहिलमा पुगेका महानगरको वडा नं ६ र ७ का वडा अध्यक्ष र बूढानीलकण्ठको १० र १२ का वडाध्यक्षबीच तीन बुँदे सहमति भएको हो ।

सहमतिको पहिलो बुँदामा धोबीखोलादेखि सात तल्लेसम्मको बुनपा १० र कामनपा ७ को सीमा भागमा नापजाँच भई वाल लगाई सकिएकाले उक्त भागको सतहमा रहेको पुरानो खहरे खोलामा राखिएको 'हचुम पाइप' निकालिनेछ भने आवागमन हुने स्थान धोबिखोला करिडोर, पाथीभरा बस्ती, समता टोल जाने बाटो, साततल्लेको चोकजस्ताको तस्तै राख्ने वा आवश्यकताअनुसार महानगरले बेलिब्रिज (पुल) निर्माण गरिने उल्लेख छ ।

दोस्रो बुँदामा साततल्ले चोकदेखि माथि बुनपा १०, १२ र कामनपा-६ मा दुबैतर्फका जग्गाधनीको नक्सा पुर्जाअनुसारको जग्गा छुटचाइ बाँकी भएको जग्गा खहरे कायम गरी दुवै महानगर र नगरपालिकाको सिमाना र खहरे भाग रेखांकन गरी छुटचाउने सहमति भएको उल्लेख छ ।

साथै, तेस्रो बुँदामा नापजाँचबाट सीमा यकीन गरी खहरे भागसमेत छुटचाएपछि, दीर्घकालीन समस्या समाधान हुनेगरी योजना बनाई खहरे तथा बाटो व्यवस्थापन गर्ने सम्बन्धमा दुवै स्थानीय तहको सम्बन्धित वडाध्यक्षको लिखित सहमतिमा दोस्रो चरणको काम सुरु गर्ने भनिएको छ ।




काठमाडौं महानगरपालिका-७ र बूढानीलकण्ठ नगरपालिका-१० मा पर्ने धोबीखोलादेखि साततलेसम्म पुरिएको खहरे खोला निकाल्न महानगरले डोजर चलाउँदै ।

*तस्बिरः मेघनाथ पहाडी/रासस*

# सुकुम्बासी समस्याको दिगो समाधान खोजी

■ सुशील दर्नाल

**काठमाडौं-** मैया आले ३६ वर्षदेखि थापाथलीस्थित बागमती किनारको सुकुम्बासी बस्तीमा बस्दै आएकी छन् । उनका श्रीमान्को ११ वर्ष पहिला प्यारालाइसिसबाट मृत्यु भयो । त्यसपछि छोराछोरीको पालनपोषण, शिक्षा सबै जिम्मेवारी मैयाकै काँधमा आयो ।

सडकमा नाङ्लोमा व्यापार गर्दै आएकी उनलाई महानगरपालिकाले पटक-पटक घरी सडकमा घरी सुकुम्बासी बस्तीमा आएर दुःख दिने गरेको छ । 'छोरी मुटुको रोगी भएको र आफ्नो खुट्टा भाँचिएकाले सडकमा व्यापार गर्दै गुजारा चलाउँदै आएको र सडकमा पनि नगरपालिकाले दिनकै दुःख दिने गरेको छ, भएको सामान पनि सबै उठाएर लगिदिन्छ,' उनले दुःखेसो गरिन् ।

बस्ने कुनै ठाउँ नहुँदा नदी किनारमा छाप्रो हालेर बसेको उनी बताउँछिन् । सुकुम्बासी भएर बस्नु रहर नभएर बाध्यता भएको बताउँदै उनी भन्छिन्, 'यहाँ बस्न आउने कसैको घर खोला बाढीले लगेर विस्थापित भएका छन्, कोही भूमिहिन छन्, कोही बस्ने ठाउँ नभएर आएका छन् ।' उनले राज्यले पटक-पटक आफूहरूलाई बसिरहेको स्थानबाट उठीबास लगाउन खोज्दा धेरै पटक विरोध गर्नुपरेको सुनाइन् ।

बालाजु जागृती टोल (सुकुम्बासी बस्ती) मा २०२८ सालदेखि बसोवास गर्दै आएकी विष्णुमाया राउतका पीडा पनि उस्तै छन् । सुकुम्बासीको रूपमा नदी किनारमा छाप्रो लगाएर बस्दा कोठा भाडा तिर्न नपरे पनि आम्दानी केही पनि नभएका कारण बिहान बेलुका खान पनि समस्या भएको र बालबच्चा पढाउन नसकेको पीडा सुनाइन् । उनले पटक-पटक सकुम्बासी बस्तीमा आएर महानगरपालिकाले दुःख दिने गरेको बताइन् ।

उनी आफूसँग सो बस्तीमा बसोवास गरेको विभिन्न कानुनी आधारहरू रहेको बताउँछिन् । उनीसँग स्थानीय तहबाट प्राप्त पारिवारिक परिचय पत्र, विद्युत् मिटर र बत्ती, तिरो तिरेको रसिद, नागरिकता, बसाइसराइ दर्तापत्र, साविक स्थानीय निकायले प्रदान गरेको पत्र,

> सहरी क्षेत्रका सुकुम्बासी तथा अव्यवस्थित बसोबासको ऐतिहासिक पृष्ठभूमि हेर्दा खाली स्थान, झाडी, चिहान, खुला स्थान, सुनसान क्षेत्र, खोलाले छोडेको स्थान, खोलाको किनारमा बसोबास गरिएको देखिन्छ । सहरमा बसाइँ सर्नुका कारणहरूमा सन्ततिको शिक्षा, बिरामीको उपचारार्थ, जातीय विभेदका कारण, द्वन्द्व, ऋण चुक्ता गर्न नसकेका कारण, प्राकृतिक विपद्बाट प्रभावित भएका परिवार नै अधिकांश छन् ।

पञ्जीकरण (विवाह दर्ता, जन्मदर्ता, मृत्युदर्ता), मतदान परिचयपत्र, पानीको बिल, फोनको बिल, फिल्ड बुकमा बस्ती, सहरी भवन विभागमा घर भएको र वडाबाट प्राप्त घर नम्बर र घर नम्बरको विवरण अर्धकट्टी छ । यति हुँदाहुँदै पनि राज्यले विना विकल्प बसिरहेको स्थानबाट हटाउन खोजिएको भन्दै उनी गुनासो गर्छिन् ।

अधिवक्ता राजुप्रसाद चापागाईंले नेपालको संविधान र अन्तर्राष्ट्रिय सन्धि सम्झौताअन्तर्गत प्रत्याभूत सम्मानपूर्वक बाँच्न पाउने हक, वैयक्तिक स्वतन्त्रताको हक, अविभेद र समानताको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, गोपनीयताको हकलगायतका मानवअधिकार उपभोगको लागि पूर्वसर्त भएका कारण पनि सुकुम्बासी बस्तीमा बसिरहेकाहरूलाई बिना विकल्प जबरजस्ती हटाउन नहुने तर्क गर्छन् । उनीहरूको बासस्थानलाई संरक्षण गर्नु र उनीहरूको आवास समस्याको दिगो सम्बोधन गरी सामाजिक न्याय सुनिश्चित गर्नु तीनै तहका सरकारको दायित्व रहेको अधिवक्ता चापागाई बताउँछन् ।

सहरी क्षेत्रका सुकुम्बासी तथा अव्यवस्थित बसोबासको ऐतिहासिक पृष्ठभूमि हेर्दा खाली स्थान, झाडी, चिहान, खुला स्थान, सुनसान क्षेत्र, खोलाले छोडेको स्थान, खोलाको किनारमा बसोबास गरिएको देखिन्छ । सहरमा बसाइँ सर्नुका कारणहरूमा सन्ततिको शिक्षा, बिरामीको उपचारार्थ, जातीय विभेदका कारण, द्वन्द्व, ऋण चुक्ता गर्न नसकेका कारण, प्राकृतिक विपद्बाट प्रभावित भएका परिवार नै अधिकांश छन् । राष्ट्रिय भूमि आयोगले स्थानीय तहसँगको समन्वय र सहकार्यमा भूमिहीन सुकुम्बासी एवं अव्यवस्थित बसोवासीको पहिचान गरेर व्यवस्थापन गर्ने कुरा कानुनी रूपमा प्रबन्ध गरेको छ । राष्ट्रिय भूमि आयोगका अध्यक्ष केशव निरौलाले सुकुम्बासीका समस्याको दीर्घकालीन समाधानका लागि प्रयत्न भइरहेको बताए ।

नेपाल महिला एकता समूहकी कार्यकारी निर्देशक भगवती अधिकारीका अनुसार उपत्यकाका विभिन्न सुकुम्बासी बस्तीमा बसोवास गर्ने क्रममा कम्तिमा १५ देखि ५० वर्षदेखि बस्दै आएका छन् । राज्यले २०५८ सालमा सुनसरी धरानको अमर बस्ती, २०५९ सालमा काठमाडौंको जागृतीनगरको बस्ती, २०६५, २०६९, २०७९ र २०८० सालमा काठमाडौं थापाथली, गह्रीगाउँको बस्ती, २०७२ मा काठमाडौं बालाजु वाइपास बस्ती, २०७३ मा धनकुटा हिले नगरपालिकाको नयाँबस्ती, २०७५ र २०७९ सालमा सिरहा, मटिहरवा टोल, २०७६ सालमा बुटवल विटौरी बस्ती र २०८० सालमा कैलाली (वादी समुदाय)को सुकुम्बासी बस्तीलाई उठाउने प्रयास गरेको थियो । नेकपा माओवादी केन्द्रकी उपमहासचिव पम्फा भुसाल सुकुम्बासीमाथि बल प्रयोग गरेरभन्दा पनि दीर्घकालीन समाधान खोज्नुपर्नेमा जोड दिन्छिन् ।

सुकुम्बासी समस्या व्यवस्थापनका लागि २०६५ सालमा सहरी विकास तथा भवन निर्माण विभागको वार्षिक कार्यक्रममा बस्ती व्यवस्थापनको योजना तय गर्नुका साथै आर्थिक वर्ष २०६५/६६ को बजेटमा १५ करोड रूपैयाँ बजेट तय गरी नदी किनारको बस्ती पहिचान गरी व्यवस्थापन गर्ने कार्य नीति तर्जुमा गरेको थियो । त्यसैगरी २०६५ असार १९ गते सुकुम्बासी अध्ययन कार्यदलले प्रतिवेदनमा १३ वटा सुझाव बागमती सभ्यता समितिलाई पेस गरेको थियो । *रासस*

### फुटपाथ व्यापार प्रतिबन्धको प्रभाव

# ८९ प्रतिशत सडक व्यापारी ऋणमा चल्दै

■ प्रभाव संवाददाता

**काठमाडौं-** अव्यवस्थित सडक (फुटपाथ) व्यापारमा काठमाडौं महानगरपालिकाले कडाइ गरेसँगै यस्तो व्यवसाय गरिरहेका अधिकांश व्यक्तिको दैनिक जीवनयापनमा समस्या देखिएको एक अध्ययनले देखाएको छ ।

होप फर चेञ्ज नेपालसँगको सहकार्यमा सेन्टर फर इन्फर्मल इकोनोमी नामक संस्थाले गरेको अध्ययनअनुसार वैकल्पिक व्यवस्थापनको विकल्पविनै महानगरले फुटपाथ व्यवसाय हटाउन थालेपछि अहिले पनि अधिकांश व्यापारी लुकेर अर्थात् महानगरको आँखा छलेर व्यवसाय गरिरहेका छन् भने उनीहरूको दैनिक जीवनयापनमा पनि समस्या देखिएको छ ।

काठमाडौं महानगरपालिकाभित्र बढी सडक व्यापार हुने क्षेत्रका १३० सहभागीसँग सर्वेक्षण, अन्तर्वार्ता, अवलोकन, डेस्क समीक्षालगायतका विधिबाट गरिएको अध्ययनबाट फुटपाथ व्यवसायमा कडाइ भएसँगै उनीहरूले दैनिक जीविकोपार्जनका लागि ऋण लिनुपरेको देखिएको हो ।

'बहुमत उत्तरदाता अर्थात् ८८.८ प्रतिशतले काठमाडौं महानगरपालिकाले उनीहरूलाई सडक व्यापारबाट हटाएपछि आफ्नो आर्थिक भार व्यवस्थापन गर्न ऋण लिएर गरिरहेका छन्,' शुक्रबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक उक्त अध्ययनले भनेको छ, '६० प्रतिशत सडक बिक्रेता अहिले पनि महानगर प्रहरीको आँखा छलेर व्यवसाय गरिरहेका छन् भने निकै कमले मात्र आफ्नो व्यवसाय अन्यत्र सारेका छन् ।'

विस्थापित भएका अधिकांश सडक व्यापारीले दैनिक खर्च व्यवस्थापनका लागि यस्तो व्यवसाय गरिरहेको र उनीहरूको मुख्य आम्दानीको स्रोत नै सडक व्यापार रहेको अध्ययनबाट देखिएको छ । यो अध्ययनमा सहभागीमध्ये ६७.७ प्रतिशतको मुख्य रोजगारी नै सडक व्यापार रहेको र ३१.५ प्रतिशतले सहायक रोजगारी (पार्ट टाइम) व्यवसायका रूपमा सडकमा व्यापार गरिरहेको देखिएको छ ।

यो अध्ययनअनुसार काठमाडौं महानगरपालिकाभित्र ५० प्रतिशतले फलफूल, २५ प्रतिशतले कपडा तथा फेन्सी व्यापार, १० प्रतिशतले जुताचप्पल व्यापार र अन्यले तरकारी, पानीपुरी/चटपटे, र सौन्दर्य प्रशाधनका सामग्री फुटपाथमा बेच्ने गरेका थिए ।

यो अध्ययनका लागि सडक व्यापारी, उपभोक्ता, स्थानीय घरपरिवार, महानगर प्रहरी, वडाअध्यक्ष, बागमती प्रदेशका प्रदेशसभा सांसदमार्फत विभिन्न माध्यमबाट प्रतिक्रिया लिइएको जनाइएको छ । अध्ययनका सहभागीको अवस्था हेर्दा देशभरका विभिन्न ३९ जिल्लाका ८३ पालिकाबाट प्रतिनिधित्व गरेका थिए । काठमाडौं महानगरपालिकाभित्र सडक व्यापार गरिरहेका बिक्रेतामध्ये १६.०३ प्रतिशत दोलखाबाट आएर यस्तो व्यापार गरिरहेको र ६.९ प्रतिशत भारतीय नागरिक रहेको जनाइएको छ । अध्ययनका लागि ३५ देखि ५९ उमेर समूहका व्यक्ति लिइएको थियो ।

काठमाडौं महानगरपालिकाले फुटपाथ व्यापारीको सामान जफत गरेपछि त्यो फिर्ता नगर्दा उनीहरूमा थप आर्थिक भार थपिएको पनि अध्ययनबाट देखिएको छ । 'महानगरले सामान जफत गरेपछि तीन प्रतिशत बिक्रेताको २१ हजारदेखि एक लाख रूपैयाँसम्मको सामान र ४१.९ प्रतिशतको चार हजारदेखि २० हजार रूपैयाँसम्मको सामान फिर्ता नपाएको जनाएका छन्,' अध्ययनले भनेको छ ।

पन्चानब्बे प्रतिशत सडक व्यापारीले आफ्नो व्यवसाय नै दर्ता गरेका छैनन् भने ५६.२ प्रतिशतलाई व्यवसाय दर्ता प्रक्रियाबारे जानकारी नै नभएको पाइएको छ । अध्ययनका क्रममा महानगरको अनुगमनबारे ५४.६ प्रतिशत सडक व्यापारीले पूर्वजानकारी पाएको र ४४.६ प्रतिशतले महानगरको कदमबारे आफूलाई पूर्वजानकारी नभएको बताएका थिए ।

सडक व्यवसायी हटाउने महानगरको कदमबाट पैदलयात्री र स्थानीय घरपरिवार भने खुसी देखिएका छन् । 'करिब नौ प्रतिशत बिक्रेताले आफ्नो घरको मालिकबाट समर्थन पाएका छन् भने ९० प्रतिशतले समर्थन पाएका छैनन् । महानगरपालिकाको कदमपछि पहिलेको तुलनामा सडक शान्त र सफा भएको हिँड्न सजिलो भएको, कम ट्राफिक र प्रदूषण कम भएको धेरैजसो पैदलयात्री र स्थानीय घरपरिवारको भनाइ छ,' अध्ययनमा भनिएको छ ।

अध्ययनअनुसार फुटपाथमा हुने व्यवसायका उपभोक्ता हेर्दा लगभग ४४ प्रतिशत ग्राहक न्यून र मध्यम आएका रहेको र १७.७ प्रतिशत जुनसुकै वर्गको प्रतिनिधित्व गर्ने वर्गका छन् ।


**बेनीघाट रोराङ गाउँपालिका भएर बग्ने त्रिशूली नदी, मलेखु खोला, खानी खोला र हुग्दी खोलाको विभिन्न बगर क्षेत्रबाट नदीजन्य पदार्थ उत्खन्न तथा संकलन कार्यका लागि वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी**

**सार्वजनिक सूचना**

(प्रकाशित मिति: २०८०/०४/२१)

बागमती प्रदेश, धादिङ जिल्लाको बेनीघाट रोराङ गाउँपालिका, वडा नं. २, ३, ४, ५, ७, ९ र १० मा बेनीघाट रोराङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम तथा ठेगाना** | बेनीघाट रोराङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय विशालटार, धादिङ, बागमती प्रदेश |
| **प्रस्तावको व्यहोरा** | बागमती प्रदेश, धादिङ जिल्ला, बेनीघाट रोराङ गाउँपालिका, वडा नं. २, ३, ४, ५, ७, ९ र १० मा त्रिशूली नदी, मलेखु खोला, खानी खोला र हुग्दी खोलाको विभिन्न बगर क्षेत्रबाट नदीजन्य पदार्थ उत्खन्न तथा संकलन कार्य गर्ने |
| **प्रभाव पर्न सक्ने जिल्ला/गा.पा.** | धादिङ जिल्ला, बेनीघाट रोराङ गाउँपालिका वडा नं. २, ३, ४, ५, ७, ९ र १० |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली, आर्थिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | बेनीघाट रोराङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>विशालटार, धादिङ, बागमती प्रदेश<br>फोन नं.: +९७७-०१०-४१६०००<br>ईमेल : **info@benighatrorangmun.gov.np, ito.benighatrorangmun@gmail.com** |
| **परामर्शदाताको नाम र ठेगाना** | हाउस अफ इन्जिनियरिङ्ग एनालाइसिस एण्ड डिनाइन कन्सल्टेन्सी प्रा.लि.<br>महालक्ष्मीस्थान, ललितपुर<br>फोन नं.: ९८५१०८३९६६<br>ईमेल : **houseofengineering77@gmail.com** |


## चोरी गरी अमेरिका पुऱ्याइएका काष्ठकलाका नेपाल फर्काइयो

**वासिङ्टन डिसी-** अवैधानिक माध्यमबाट अमेरिका ल्याइएका नेपाली काष्ठकलाका सामग्री नेपाल फिर्ता पठाइएको छ । अमेरिकाको डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटीले जफत गरी मंगलबार नेपाली काष्ठकलाका ४० सामग्री नेपाल पठाइएको हो ।

वासिङ्टन डिसीस्थित नेपाली नियोगका अनुसार अवैधरूपमा सन् २०१० मा अमेरिकाको हवाई राज्यमा ल्याइपुऱ्याएका ती सामग्री भन्सार तथा बोडर प्रोक्टेक्सन (सिविपी)ले बरामद गरेको हो । उक्त सामग्री गत मे महिनाको ११ तारिखमा वासिङ्टन डिसीस्थित नेपाली दूतावासलाई हस्तान्तरण गरिएको थियो ।

दूतावासले ऐतिहासिक महत्त्वका ती सामग्री नेपाल पठाउन पहल गरेकामा अमेरिकी सरकारी निकायप्रति हार्दिक आभार प्रकट गरेको छ । सन् २०२२ को अप्रिलदेखि अहिलेसम्म नेपालबाट अवैधानिक माध्यमबाट अमेरिका ल्याइएका ४७ सामग्री नेपाल फिर्ता पठाइसकिएको छ । कतार एयरवेजको कार्गोको सहयोगमा नेपाल पुऱ्याउन लागिएका ती सामग्री शनिबार काठमाडौं पुग्ने दूतावासले जनाएको छ । *रासस*

## महानगरमा दर्ता नभएका टिकट बुकिङ कार्यालय हटाइने

**काठमाडौं (प्रस)-** काठमाडौं महानगरपालिकाले जथाभावीरूपमा सञ्चालनमा आएका र महानगरपालिकाभित्र दर्ता नभएका टिकट बुकिङ कार्यालय हटाउने भएको छ ।

महानगरपालिकाले शुक्रबार एक सूचना जारी गर्दै काठमाडौंको ट्राफिक व्यवस्थापनलाई चुस्त, दुरुस्त र यात्रीमैत्री बनाउनका लागि दर्ता नभई सञ्चालनमा रहेका टिकट बुकिङ कार्यालय भदौ १ देखि हटाउने जनाएको हो ।

महानगरपालिकाले काठमाडौं उपत्यकाबाट बाहिर चल्ने यात्रुवाहक सार्वजनिक सवारीसाधनका लागि तोकिएको मापदण्डअनुरूप टिकट बुकिङ कार्यालयसहित व्यावसायिक ठेगाना रहेको सम्बन्धित वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्नसमेत आग्रह गरेको छ ।

महानगरपालिकाले टिकट बुकिङ कार्यालय सडक चोकको सय मिटर वरपर खोल्न नपाउने, बुकिङ कार्यालयको मुख्य कार्यालय गौँगबुस्थित नयाँ बसपार्कभित्र अनिवार्यरूपमा हुनुपर्ने, नयाँ बसपार्कदेखि महाराजगञ्ज र वाफलसम्म कुनै पनि बुकिङ कार्यालय खोल्न नपाउने बताएको छ ।

यस्तै, बुकिङ कार्यालयमा अनिवार्य भाडादर उल्लेख गरिएको बोर्ड राख्नुपर्ने, बुकिङ कार्यालयमा टिकट काट्न आउने सेवाग्राहीका लागि अनिवार्य आधारभूत आवश्यकता (पार्किङ, शौचालय, पानी, बत्ती बस्ने व्यवस्था) भएको हुनुपर्ने उल्लेख छ ।

यसैगरी, बुकिङ कार्यालयको कोठा कम्तीमा १० देखि १५ फिटको हुनुपर्ने, बुकिङ कार्यालयका कर्मचारीले पोसाक र परिचयपत्र अनिवार्यरूपमा लगाउनुपर्ने र बुकिङ कार्यालयमा बुकिङ हुने सवारीसाधन लैजान नपाउने व्यवस्थासमेत गरेको छ ।

यसअघि महानगरपालिकाले काठमाडौंभित्र जथाभावी रूपमा टिकट बुकिङ कार्यालय खोल्ने तथा सडकमा यात्रुलाई चढाउने सवारीसाधनलाई नयाँ बसपार्कभित्रबाट सञ्चालन गर्ने व्यवस्था गरेको थियो । सोही व्यवस्थाअनुसार अहिले अधिकांश सवारीसाधन नयाँ बसपार्कभित्रबाट सञ्चालन हुँदै आएका छन् ।

# खण्डहर बन्दै भृकुटी कागज कारखाना



■ टेकराज पोखरेल

**नवलपुर-** नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोट-२ मा रहेको भृकुटी पल्प एण्ड पेपर नेपाल लिमिटेड बन्द भएपछि खण्डहर बन्दै गइरहेको छ । नेपाललाई कागजमा आत्मनिर्भर बनाउने उद्देश्यले चार दशकअघि स्थापना गरिएको नेपालकै ठूलो कागज कारखानाको अवस्था अहिले भेन्टिलेटरमा राखिएको बिरामीजस्तै भएको स्थानीय बताउँछन् ।

भृकुटी कागज कारखाना नजिकैका ७० वर्षीय रामेश्वर कँडेलले उद्योग सञ्चालनमा हुने बेलासम्म यहाँ निकै चहलपहल हुने गरेको स्मरण गरे । 'वि.सं. २०६५/६६ सम्म यो भृकुटीचोकमा अहिलेको नारायणगढ बजारकोभन्दा कम चहलपहल हुँदैनथ्यो,' उनले भने, 'उद्योगमा काम गर्ने सात र आठ सय मजदुर काममा जाने र निस्कने गर्दा त्यो दृश्य निकै नै रोचक लाग्थ्यो ।' वि.सं. २०६७ मा व्यवस्थापनले उद्योग बन्द गरेपछि यहाँको चहपहल घटेसँगै उद्योग खण्डहर बन्दै गएको कँडेलले बताए ।

'उद्योग चल्ने बेलासम्म त उद्योग रहेको ठाउँ आकर्षक देखिन्थ्यो,' उनले भने, 'उद्योग बन्द भएपछि उद्योगको छानो तथा बारेका टिनका पाता खसेका छन्, पर्खाल भत्किएका छन्, उद्योगभित्र झाडी बढेको छ, हेर्दै डरलाग्दो ठाउँ बनेको छ ।' भृकुटी कागज कारखाना रहेको ठाउँ अहिले अपराध गरेर मान्छे लुक्ने ठाउँका रूपमा परिणत भएको कँडेलको भनाइ छ । उद्योग पूर्णरूपमा बन्द भएको ११ वर्षभन्दा बढी भइसकेकाले उद्योगका सबै सामान कबाडी बनेको उनको भनाइ छ ।

भृकुटी कागज कारखानाका तत्कालीन पल्प प्लान्ट इन्चार्ज ललित श्रेष्ठले अब उद्योग चल्ने र चलाउने सम्भावना नभएको भन्दै यसको उचित व्यवस्थापन गर्नुपर्ने बताए । 'अब चाहेर पनि यो उद्योग सञ्चालन हुन सक्दैन, यहाँ बजार धेरै बढिसक्यो,' उनले भने । यो खण्डहरमा परिणत भएको उद्योगका सामान हटाएर यहाँ प्राविधिक शिक्षालय, अस्पताल, आइटी पार्क, होटलजस्ता सेवामूलक उद्योग सञ्चालन गर्नुपर्ने उनको सुझाव छ । भृकुटी कागज कारखानाले ओगटेको ठाउँमा अहिले पूरै झाडी भरिएको भन्दै उनले यो ठाउँ फोहोर फाल्ने डम्पिङसाइट बनेको बताए ।

यो उद्योग सञ्चालनमा हुने बेलासम्म यहाँबाट दैनिक ४२ मेट्रिकटन कागज उत्पादन हुँदै आएको श्रेष्ठको भनाइ छ । 'नेपालमा आवश्यक पर्ने सबै खालका कागजको मागको ३५ प्रतिशत हिस्सा यही उद्योगले पूर्ति गर्ने गरेको थियो,' उनले भने, 'हाम्रो उद्योगले उत्पादन गरेको पल्प (पैसा बनाउन प्रयोग हुने कागज) जापानमासमेत निर्यात हुँदै आएको थियो ।' श्रेष्ठका अनुसार भृकुटी कागज कारखानाले वार्षिक ५०० टन पल्प जापान निर्यात गर्दै आएको थियो ।

कारखाना सञ्चालन भइरहेको अवस्थामा विभिन्न कारण देखाउँदै व्यवस्थापन पक्षले वि.सं. २०६७ फागुनदेखि उत्पादन बन्द गरेको श्रेष्ठले बताए । 'उद्योगको व्यवस्थापन र कर्मचारीबीच सम्झौता भएर वि.सं. २०६९ पुस २१ देखि उद्योग पूर्णरूपमा बन्द भयो,' उनले भने, 'उद्योग पूर्णरूपमा बन्द भएपछि विभिन्न राजनीतिक दल, अर्थमन्त्री, उद्योगमन्त्रीलगायतका व्यक्तिले उद्योग सञ्चालन गर्ने आश्वासन दिए पनि आजसम्म पूरा हुन सकेनन् ।' नेपाललाई कागजमा आत्मनिर्भर बनाउने उद्देश्यसहित चीन सरकारले वि.सं. २०३९ मा भृकुटी कागज कारखाना स्थापनाको काम थालेको थियो ।

वि.सं. २०४३ मा उद्योगले उत्पादन गर्न सुरु गरेपछि चीनले वि.सं. २०४४ मा यस उद्योग नेपाल सरकारलाई हस्तान्तरण गरेको श्रेष्ठले बताए । सरकारले केही वर्ष कारखाना सञ्चालन गर्दा निरन्तर घाटामा गएको भन्दै वि.सं. २०४९ मा निजीकरण गरिएको थियो । सरकारले वि.सं. २०४९ पुस २० गते भृकुटी कागज कारखाना गोल्छा अर्गनाइजेसनलाई बिक्री गरेको थियो ।

सरकारले उद्योग बिक्री गर्दा उद्योग, आवाससहित भृकुटीको नाममा करिब ६० बिघा जमिन रहेको उनले बताए । भृकुटी कागज कारखाना ३० बिघा क्षेत्रफल तथा आवास २२ बिघा क्षेत्रफलमा फैलिएको भन्दै उनले बाँकी आठ बिघा जमिन गोल्छाले टेक्सटायल कम्पनीलाई बिक्री गरेको बताए ।

उद्योग पूर्णरूपमा बन्द भएको समय वि.सं. २०६९ मा उद्योगमा करिब ७०० कर्मचारी कार्यरत रहेको श्रेष्ठको भनाइ छ । 'उद्योग बन्द भएपछि करार र ज्यालादारी कर्मचारीको हिसाबकिताब मिलान गरियो, उद्योगमा रहेको ३३३ जना स्थायी कर्मचारीको पारिश्रमिक लिन बाँकी छ,' उनले भने, 'एक जना कर्मचारीले कम्तीमा पाँच लाख रूपैयाँदेखि बढीमा ४० लाख रूपैयाँसम्म पारिश्रमिक लिन बाँकी छ ।' उद्योगले कर्मचारीलाई मात्रै तिर्नका लागि ३५ करोड रूपैयाँ हाराहारीमा बाँकी रहेको श्रेष्ठले बताए ।

उद्योगको सुरक्षामा खटिएका कर्मचारीले उद्योग सञ्चालकहरू कहिलेकाहीँमात्रै गैँडाकोट आउने गरेको बताए । उनका अनुसार उद्योग र आवासको सुरक्षामा अहिले पनि १५ जना कर्मचारी कार्यरत छन् । 'उद्योगमा ताला लगाएर राखिएको छ,' उनले भने, 'उद्योगका सबै सामान खिया लागेर काम नलाग्ने भएका छन् । भवन पनि जीर्ण भएको छ ।'

ती सुरक्षा कर्मचारीका अनुसार उद्योग छाएका जस्तापाता तथा फलामका छड खसेपछि घाम र पानीका कारण उद्योगका औजार कामै नलाग्ने भएका छन् । 'उद्योगको छानो छैन, उद्योगको पर्खालसमेत भत्किएका छन्, उद्योग तथा आवास परिसरमा ठूलो झाडी छ,' उनले भने ।

भृकुटीपीडित मजदुर संघर्ष समितिका संयोजक दर्शन सापकोटाले उद्योग बन्द भएपछि व्यवस्थापन पक्षसँग पटक-पटक वार्ता र छलफल भइरहेको बताए । 'त्यो बेलामा अस्थायी र करार कर्मचारीलाई सबै रकम दिएर बिदा गरिएको थियो, स्थायी कर्मचारीका विषयमा सम्झौता भएर उद्योग बन्द भयो,' उनले भने, 'उद्योग बन्द हुने बेलामा कर्मचारीको पाकेको रकमको वार्षिक १० प्रतिशत रकम थप गरेर एकमुष्ठ रकम उपलब्ध गराउनुपर्ने सम्झौता भएको थियो ।' पीडित कर्मचारीलाई पाश्रिमिक नदिने बेलासम्म उनीहरूको मासिक तलबको आधा हुन आउने तलबसमेत हरेक महिना जोड्दै गएर एकमुष्ट भुक्तानी गर्नेगरी सम्झौता भएको सापकोटाले बताए ।

उद्योग बन्द हुने बेलामा नै उसको बैंक तथा स्थानीय सप्लायर्सलाई तिर्नुपने रकम धेरै भएको सापकोटाको भनाइ छ । 'उद्योगका लागि आवश्यक पर्ने कच्चापदार्थ सप्लाइ गर्ने स्थानीय सप्लायरलाई धानको पराल, भुस, बाबियो, खर, काँसको रकम उद्योगले तिर्नै बाँकी छ,' उनले भने, 'उद्योगले नेपाल बैंक, राष्ट्रिय बाणिज्य बैंक, हिमालय बैंक लिमिटेडको कर्जा पनि तिर्न बाँकी रहेको छ ।' व्यवस्थापनले भुक्तानी गर्न जति ढिलाइ गऱ्यो त्यति नै उद्योग दलदलमा फस्दै जाने सापकोटाको भनाइ छ ।

दिवाकर गोल्छाले सञ्चालन गर्दै आएको भृकुटी कागज कारखाना उनको स्वर्गारोहणपछि अहिले 'दिवाकर गोल्छा कर्प' नामको संस्थाको मातहतमा रहेको छ । दिवाकर गोल्छा कर्पका सञ्चालक एवं दिवाकरका पुत्र हितेश गोल्छाका निकट मानिने कर्पका प्रतिनिधि रमेश दाहालले सो उद्योग ग्लोबल टेन्डरमार्फत गोल्छा समूहले १७ करोड रूपैयाँमा खरिद गरेको बताए ।

गोल्छा समूहले भृकुटी कागज कारखाना १७ करोड रूपैयाँमा खरिद गरेको भनिएको कारखाना बिक्रीबाट तत्कालीन श्री ५ को सरकारले १२ करोड ९८ लाख रूपैयाँमात्रै हात पारेको जानकारहरू बताउँछन् । 'उद्योग बन्द भएको पनि १३ वर्ष पुग्यो, गैँडाकोट अहिले ठूलो सिटीका रूपमा विकास भइरहेको छ, सिटीको बीचमा कागज कारखाना सञ्चालन गर्नसक्ने अवस्था अब छैन,' दाहालले भने, 'जनचाहनाअनुसार यसको जग्गा भएको ठाउँमा सेवामूलक उद्योग चलाउनुपर्छ, जसका कारण गैँडाकोट नगरपालिकालाई राजस्वमात्रै होइन स्थानीयलाईसमेत रोजगार प्राप्त हुन्छ ।'

उद्योग निजीकरण भएपछि वि.सं. २०५१ देखि नै उद्योग सञ्चालनका लागि ऋण लिएर काम गर्दै आएकामा उद्योग बन्द हुने बेला वि.सं. २०६९ सम्म उद्योगको ऋण ८२ करोड रूपैयाँजति पुगेको उनले बताए । 'उद्योग बन्द भएकै १२ वर्ष भइसक्यो, उद्योग बन्द भएपछि हामीले साँवा तथा ब्याज भुक्तानी गर्न सकिएन,' उनले भने, 'बाहिर हल्ला भएजस्तो तीन महिनामा तिर्छौं भनेर सहमति भएको होइन, तर बैंकको ऋण कसरी तिर्ने भन्ने विषयमा बैंकसँग हितेशजीको छलफल चलिरहेको छ ।' *रासस*

# 'नर्सिङ सेवामा देखिएको चुनौतीलाई समाधान गर्छौं'



■ प्रभाव संवाददाता

**काठमाडौं-** प्रधानमन्त्री पुष्पकमल दाहालले नर्सिङ सेवामा देखिएका चुनौतीलाई पूर्णरूपमा समाधान गर्न सरकार प्रयत्नशील रहेको बताएका छन् । स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले मन्त्रालयको कार्यभार सम्हालेको १०० दिन पूरा गरेको अवसरमा शुक्रबार यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले नर्सिङ सेवामा देखिएको चुनौती सरकारका लागि अग्निपरीक्षा सरह भएको बताए ।

उनले सो सेवामा सुधार गर्ने संकल्पसमेत आफूले लिएको र यसमा देखिनेगरी नै काम गर्ने प्रतिबद्धता जनाए । प्रधानमन्त्री दाहालले स्वास्थ्य शिक्षा, रोजगारी र खाद्य सम्प्रभूताजस्ता विषयलाई संविधानको मौलिक अधिकारका रूपमा लेखिएको भए पनि जीवन व्यवहारमा सुविधा पाए कि पाएनन् भन्ने विषय महत्त्वपूर्णरहेको बताए ।

संविधानमा लेखिएका मौलिक अधिकारलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न र आमनागरिकलाई सहज रूपमा सेवा प्रदान गर्न सरकार दत्तचित्त भएर लागिपरेको प्रधानमन्त्री दाहालको भनाइ छ । 'संविधानमा लेख्ने कुरा त हामीले राम्रै लेखेका छौं । जनताको सरदर आयु बढ्दै गएको छ । संविधानले परिकल्पना गरेजस्तो सुविधा पाए कि पाएनन् भन्ने कुरा महत्त्वपूर्ण छ । यस आधारमा सुविधा उपलब्ध गराउन सरकार लागिपरेको छ,' प्रधानमन्त्री दाहालले भने ।

उनले सरकार सुशासनको पक्षमा मात्रै नभई स्वास्थ्य, शिक्षा र अन्य सेवा प्रदान गर्ने क्षेत्रमा निरन्तर सकारात्मक प्रयास थालेको बताए । संघीय शिक्षा विधेयकमा रहेको केही कमजोरी सच्याउने प्रक्रिया सुरु भएकोसमेत जानकारीसमेत उनले दिए ।

# ऐलानी जग्गा उपायोग 'कार्ड' वितरण

**तुलसीपुर (प्रस)-** दाङको तुलसीपुर उपमहानगरपालिकाले ऐलानी जग्गा उपयोग कार्ड वितरण सुरु गरेको छ ।

सुकुम्बासीलाई लालपुर्जा दिने कार्यक्रमअन्तर्गत उक्त कार्ड वितरण गर्न लागिएको उपमहानगरपालिकाको सामाजिक विकास समिति संयोजक मानबहादुर रावतले बताए । 'वडा नं ११ मा हामीले सुरु गरेका छौं, अन्य वडामा पनि सुरु भइरहेको छ,' उनले भने, 'यो अभियान तीव्रताका साथ अघि बढाएका छौं ।'

हालसम्म ऐलानी जग्गामा बसोबास गर्नेको तथ्यांक छैन । अब यो कार्यक्रमले पूर्णता पाएमा कति ऐलानी जग्गामा कति परिवार बसेको भन्ने कुरा यकीन हुने उनले बताए । त्यस्तै अव्यवस्थित बसोबासी, वास्तविक तथा विपन्न दलित सुकुम्बासी पनि पत्ता लाग्ने उनले बताए ।

वडाबाट सबै ऐलानीमा बसोबास गर्नेलाई कार्ड दिइसकेपछि अमिन आएर नापजाँच गर्ने उनले बताए । अमिनले नापजाँच गरेपछि पुर्जा वितरणको काम अघि बढ्ने बताए । यो कार्यक्रम तुलसीपुरका १९ वटै वडाबाट सुरु भएको छ । यो कार्य सक्न करिब छ महिनाको समय लाग्न सक्ने उनले बताए । यसले उपमहानगरपालिकाको सुकुम्बासी समस्या समाधान हुने अपेक्षा लिइएको छ । प्राथमिकताको आधारमा लालपुर्जा वितरण गर्नका लागि पनि यो कार्य गरिएको हो ।


## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/२७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ४३ को ७२३.३६ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा १.२५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**बंगलामुखी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-९, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/२७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ८६ को ११३६.८८ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ६.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**डाँफेबगरी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-५, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/२७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १६७ को १५२९.०१ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**हिमशिखर सामुदायिक वन उपभोक्ता समूह**
**मकवानपुरगढी-१, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/२७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ३८ को ६२६.५६ घनफिट काठ र साल जातको दाउरा १.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**जनवन सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-२, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/२७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान २४३ को २३६१.१५ घनफिट काठ र साल जातको दाउरा १५.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**रानीवन सामुदायिक वन उपभोक्ता समूह**
**मकवानपुरगढी-१, मकवानपुर**

## राहदानी हरायो

मिति २०८०/०२/११ गते कपनदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **किरन बस्नेत**
राहदानी नं : **०८०१६४१८**
ठेगानाः **काठमाडौं**
फोन नं : **९८२७७०७४३३**

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : HALA AL JUBAIL CONTRACTING EST.**

पूर्व स्वीकृति मितिः २०८०/०३/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२६ | LT. No.289135 | चलानी नं. ६०२०४४७८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | SCAFFOLDER | 25 | 0 | 1200 | ४२,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : AWTAR BEIRUT RESTAURANT TO SERVE MEALS**

पूर्व स्वीकृति मिति २०८०/०४/२६ | LT. No. 290755 | चलानी नं. ६०२०६०१४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४२,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५०० /- कामदार आफैंले   **सेवा शुल्कः** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : QATAR MASTERS TRADING MAINTENANCE & CONTRACTING WLL**

पूर्व स्वीकृति मिति २०८०/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/२६ | LT. No. 284813 | चलानी नं. ६०२००२७३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Labor | 39 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५०० /- कामदार आफैंले   **सेवा शुल्कः** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

# ‘मन नेपालमा, रोजीरोटी प्रवासमा’

■ प्रकाश सिलवाल



**कोलकाता (भारत)-** ‘हाम्रो मन मातृभूमि नेपालमै पुगिरहेको हुन्छ तर कामका सिलसिलामा आइएकाले बसोबास र रोजीरोटी यतै गर्नुपरेको छ। प्रवासमा रहेर नेपाल आमालाई पुकार्दै जीवन गुजारिरहेका छौं।’ पश्चिम बंगालको कोलकाता-बेहलास्थित परिवहन (ट्रान्सपोर्ट) सम्बन्धी व्यवसाय गर्दै आएका तनहुँका केशव अधिकारी क्षेत्रीलाई नेपाल र नेपालीको प्रसंग आउनेबित्तिकै भावनाको गहिराइमा पुगेको अनुभूति हुन्छ।

सानो छँदा तनहुँको मिर्लुङस्थित चन्द्रावती खोलामा साथीसंगीसँग खेलेको र नुहाएकोदेखि अनेक स्मरणहरू उनका मानसपटलमा ताजा भएर आउने गर्छ। उनी प्रवासमा रहँदा वा जुनसुकै मुलुकमा पुग्दा नेपालको परिचय नलुकाई व्यक्त गर्ने गर्छन्। अहिले उक्त खोलामा पक्की पुल बनेर सतिश्वरा र मिर्लुङ जोडिएका जस्ता प्रगतिका कुराले प्रवासमा रहँदा पनि क्षेत्रीको छाती गर्वले फुल्ने गर्छ। यहाँका राइपाली भञ्याङ, बयापानी भञ्याङ, मिर्लुङकोट, छहरे, ठुलढुंगा आदि स्थलहरूलाई थप पर्यटकीय बनाउन के गर्न सकिन्छ भन्ने चासो उनलाई बरोबर भइरहन्छ। ‘देशभक्ति त मर्दैन, चुत्थै देश भए पनि...’ नाटचसम्राट बालकृष्ण समले भनेझैँ विकसित मुलुक भारतमा रहे पनि प्रवासी नेपालीलाई नेपालप्रतिको माया र सम्मानमा कुनै कमी आएको देखिँदैन।

राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको जन्मस्थल चुँदी रम्घासमेत रहेको भानु नगरपालिका-१३ मा जन्मिएका क्षेत्री चार दशकदेखि प्रवासमा रहे पनि हरेक कूलदेवता पूजा र बडादसैँमा सकेसम्म परिवारसहित लामो यात्रा तय गरेर गृहजिल्ला तनहुँमा आउने गर्छन्। ‘के लजिस्टिक्स्’ र ‘क्षेत्री इन्टरप्राइजेज’ का सञ्चालक क्षेत्रीले गत साता बेहलास्थित कम्पनीको कार्यालयमा भएको भेटमा आफ्ना नेपालप्रेमी भावना यसरी पोखे, ‘नेपालीबीच जहाँ रहे पनि आपसमा प्रेम र सामूहिक भाव छ। प्रवासमा हुने सामाजिक क्रियाकलापले यहाँका नेपालीबीच अझ बढी भाइचारा हुने गरेको छ। नेपालबाट कोही पाहुना आउँदा हामीलाई भगवान् आएजस्तो लाग्छ। यता बसेर पनि देशको विकासको चासो गरिहरहन्छौं। राजनीतिक अस्थिरता र भ्रष्टाचारका कुराले मनै अमिलो बनाउने गर्छ। नेताहरूले यो दर्द बुझेर देश विकासको काम गरिदिए हुन्थ्यो।’

नेपाली कांग्रेसको राजनीतिमा पनि संलग्न क्षेत्री यहाँस्थित विभिन्न सामाजिक गतिविधिमा अगुवाइ गर्न पछि पर्दैनन्। हरेक बडादसैँका अवसरमा नवरात्र सुरु भएदेखि नै गोरखनाथ सेवा समितिको आयोजनामा पूजाआजा गरिने कार्यक्रम हुँदै आएको छ। सांस्कृतिक परम्पराको निरन्तरताका साथै उनीहरूको देशभक्ति हरेक क्षणमा प्रकट भइरहेको हुन्छ। गत वर्ष सेवा समिति स्थापनाको ५०औं वर्ष भएकाले एसएन बेनर्जी रोड, न्यू मार्केट नजिक पशुपतिनाथको अस्थायी मन्दिर बनाएर नेपालीशैलीमा दुर्गा भगवतीको मूर्ति स्थापना गरेर समाजका सबै समुदायलाई पूजा गर्ने र हेर्ने प्रबन्ध गरिनु त्यसैको एक ज्वलन्त उदाहरण हो।

यहाँ नेपाली जनकल्याण समिति, कोलकाताले मनाउने भानु जयन्तीका कार्यक्रम, साहित्यिक पत्रिका प्रकाशनदेखि नेपालीभाषी र प्रवासी नेपालाई आपत्विपत् पर्दा क्षेत्रीसहितको व्यावसायिक समूहले आर्थिकलगायत सहयोग गर्दै आएको छ। गोर्खा भूकम्पका समयमा प्रवासी नेपालीको समन्वयमा नेपालमा ५२ लाख रूपैयाँ बराबरको सहयोग पठाइएको थियो भने मेलम्ची बाढीपीडितका लागि छ लाख रूपैयाँ प्रदान गरिएको थियो।

अहिले पनि उपचार नपाएर प्रवासमा भौंतारिएका र बेरोजगार भएर गुजारा चलाउन मुस्किल पर्ने नेपालीका लागि प्रवासी नेपाली संस्था र व्यावसायिक व्यक्तिहरूको समूहले सामाजिक सञ्जालकै सूचनाका भरमा आवश्यक प्रबन्ध र सहयोग जुटाउँदै आएको छ। व्यवसायी क्षेत्रीकै संयोजकत्वमा ‘संयुक्त नेपाली वेलफेयर ट्रस्ट’ले न्यू विवेकानन्द पार्क रोडको महेशतलास्थित बेहालामा करिब भारु ३० लाखको लागतमा पशुपतिनाथको स्थायी मन्दिर बनाउन जग्गा किनेर निर्माण कार्य सुरु गरिएको छ भने यहाँ भारत-नेपाल सांस्कृतिक भवन बनाउन पहल गर्ने लक्ष्य लिएको छ। भारत-नेपाल सांस्कृतिक भवन बनाउन अत्यन्त आवश्यक भएको। यो भवन बनेमा दुवै देशलाई लाभ हुने भएकाले यसको निर्माणमा दुवै देशका सरकारले सहयोग गर्नुपर्ने नेपालीभाषीहरूको आग्रह रहेको छ।

कोलकातामा नेपालीभाषीहरू चौकीदारी, सरकारी सेवा, अनौपचारिक श्रम, पारवहन, होटल व्यवसाय, गहनासम्बन्धी व्यवसायदेखि चिकित्सा, इञ्जिनियरिङ पेसामासमेत संलग्न छन्। भारत सरकारले नेसनल रजिस्ट्रर सिटिजन्स (एनआरसी) लागू गरेपछि विगतमा जस्तो प्रवासी नेपालीले सहजरूपमा पेसा-व्यवसाय गर्न नपाउने हो कि भन्ने चिन्ता पैदा भएको छ। दोहोरो नागरिकता लिएर दुवै मुलुकमा पेसा-व्यवसाय गर्ने सवालमा यदाकदा कानुनी समस्या र झण्झट आइलाग्ने गरेका छन्।

भारत-नेपाल जनमैत्री सांस्कृतिक मञ्चका अध्यक्ष खिमराज बराल सन् १८१६ मा नेपाल र तत्कालीन ‘इस्ट इण्डिया कम्पनी’बीच भएको सुगौली सन्धिका प्रावधानबमोजिम नेपालीले सहजताका साथ भारतमा पेसा व्यवसाय गर्न पाउने बताउँदै यसबारे सार्वजनिकरूपमा दुवै देशका सरकारी र जनस्तरका तहमा र अहिलेका पुस्तालाई पनि जानकारी नभएमा कसैले अनावश्यक दुःख खेप्नु नपर्ने धारणा राख्छन्। उनले उक्त सन्धिको मर्मअनुसार प्रवासी नेपालीले सहजताका साथ यहाँ पेसा व्यवसाय गर्न पाउनुपर्ने सवालमा आफूहरूले सहजीकरण गर्दै आएको र कोलकातामा एक ‘भारत-नेपाल सांस्कृतिक भवन’ निर्माणको लक्ष्यलाई सार्थक बनाउन लागिपरेको सुनाए।

प्रवासी नेपालीले कोलकाताको कुनै सडकलाई आदिकवि भानुभक्त आचार्यको नामाकरण गराउन यहाँको प्रदेश सरकारलाई सहमत पनि गराइसकेका छन्। यहाँ नेपालीभाषी र बंगाली भाषी समुदायबीच आत्मीयता र प्रेमभावका साथ जनस्तरमा सम्बन्ध पनि जोडिएको छ। उनीहरू आपसमा एकाकार भएर सामाजिक गतिविधिमा जोडिने गरेका छन्।

प्रवासी नेपाली संघ, भारतका केन्द्रीय अध्यक्ष एवं भारत-नेपाल जनमैत्री मञ्च, कोलकाताका संस्थापक अध्यक्ष साहित्यकार नारायणप्रसाद होमगाईं नेपालबाट यहाँ आएर काम गर्ने र बसोबास गर्नेहरू अधिकांश प्रवासी नेपाली रहेको र उनीहरूको मूलथलो नेपाल नै भएको स्पष्ट गरे। एक निजी कम्पनीको वरिष्ठ लेखा अधिकृतबाट अवकाशप्राप्त उनले दार्जिलिङ र सिक्किमतिर बढी मात्रामा नेपालीभाषी भारतीय भए पनि कोलकातामा प्रवासी नेपाली धेरै रहेको जनाउँदै प्रवासी संगठनहरूबीच कुनै प्रकारको राजनीतिक खिचातानी नभई आपसी सद्भाव र एकता होस् भन्नेमा सचेत रहेको जनाए। उनले आफूहरूले विगतमा जस्तो दुई देशबीचका राजनीतिक मुद्दामा माग उठाउने र विवाद गर्नेजस्ता काम पनि अब नगर्ने स्पष्ट पार्दै भाषा र संस्कृतिलाई राजनीतिक सीमाले नबाँध्ने बताए।

अध्यक्ष होमगाईंले नेपाल जाँदा भारु २५ हजार मात्र लान पाइने, भारतको एटिएम कार्ड नेपालका बैंकमा नचल्नेजस्ता व्यावहारिक समस्या औंल्याउँदै हालै नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालको औपचारिक भारत भ्रमणका अवसरमा दुई देशका प्रधानमन्त्रीबीच नयाँदिल्लीमा सझदारीपत्रमा हस्ताक्षर भएबमोजिम सीमापार विद्युतीय कारोबार (क्रस बोर्डर डिजिटल ट्राञ्जेक्सन)को छिटो कार्यान्वयनमा जोड दिए।

बडाबजारस्थित ‘मेटल फिनिसिङ’ व्यवसाय गर्दै आएका प्रवासी नेपाली चन्द्रबहादुर श्रेष्ठ आफूले हालसम्म ६०-७० जना नेपालीलाई यता ल्याएर रोजगारी र व्यवसायमा लगाएको, सीपमूलक तालिम दिलाएको र आनन्दमय जीवनयापनका उपायबारे उत्प्रेरणा पनि दिने गरेको जनाउँछन्। ‘नेपालमा काम नपाएर वा अभिभावकलाई दुःख दिएर बसेका कोही युवाहरू छन् यहाँ आउन चाहेमा हामी सीप विकाससहित आदत सुधार गराइदिन सक्छौं। हामीले हाम्रो पालामा निकै संघर्ष गरेका छौं। अबको बाँकी जीवन नेपाल र नेपाली तथा मानव कल्याणका लागि दिन तयार छौं,’ पुर्ख्यौली घर रामेछाप भएका श्रेष्ठले भने।

नेपाली जनकल्याण समितिका प्रमुख सल्लाहकार एवं साहित्यकार धर्मराज बराल प्रवासी नेपाली र नेपालीभाषी भारतीय दुवै देशका सांस्कृतिक सहचरी भएकाले उनीहरूको भावनाको सम्मान गर्दै सामाजिक कार्यमा प्रोत्साहन गर्नुपर्नेमा जोड दिन्छन्। नेपालमा पर्यटक र लगानी भित्रचाउन सम्बन्धित सरकारी संयन्त्रले उपयुक्त योजना बनाई प्रवासी नेपालीको पनि साथ लिई कार्यान्वयन गर्न सकेमा नेपालको आर्थिक समृद्धिमा बल पुग्ने उनको भनाइ छ।

कोलकातास्थित नेपाली महावाणिज्य दूतावास र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको शाखाले दुई देशबीचको व्यापार, पारवहन र द्विपक्षीय सम्बन्धका क्षेत्रमा कार्य गर्दै आएको छ। उपमहावाणिज्यदूत कर्णप्रसाद तिमिल्सिनाले नेपालमा उत्पादन र भारतमा खपत हुनसक्ने चियालगायतका वस्तुको व्यापार प्रवर्द्धनका लागि दुई देशबीच भएका समझदारी र विद्यमान करका दायरालाई सहजीकरण गरिएको जानकारी दिए।

प्रवासी नेपाली र नेपालीभाषीले आफ्ना रीतिरिवाज र चाडपर्व भने आफ्नो परम्पराअनुसार नै मनाउँदै आएका छन्। उनीहरूले घरपरिवारमा नेपाली भाषा बोल्ने गर्छन् भने विद्यालय र कार्यालयमा आवश्यताअनुसार हिन्दी, बंगाली र अंग्रेजी भाषाको प्रयोग गर्छन्। यहाँस्थित प्रवासी नेपाली संगठन र सामाजिक संस्थामा उनीहरूको सहभागिता हुने गरेको छ। गंगा आरती, बुद्ध जयन्ती, नयाँ वर्ष, हरितालिका (तीज), होली, महाशिवरात्रि, दीपावलीजस्ता पर्वमा यहाँ नेपाली र बंगाली समुदायबीच संयुक्त उत्सव पनि हुने गरेको छ। त्यसो त कोलकातामा नृत्य निर्देशनका क्षेत्रमा चम्किरहेका दीलिप थापाले समय-समयमा नेपालका कलाकार र नृत्य निर्देशकबीच भाइचारा बढाउँदै आएका छन्।

नेपाली जनकल्याण समितिले हरेक वर्ष आदिकवि भानुभक्त आचार्यको जन्मजयन्ती कार्यक्रम गर्दै आएको छ भने ‘श्रीश्री जानकी माता नेपाली धार्मिक संघ’ले मानवीय कार्य गर्दै आएको छ। समितिले यही साउन ६ गते हावडा मैदानस्थित शरत सदनमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईको प्रमुख आतिथ्यतामा २१०औं भानुजयन्ती मनाएको थियो। कार्यक्रममा भारतको पश्चिम बंगालका सहकारीमन्त्री अरूप रायको पनि उपस्थिति थियो। समितिले ‘बिहानी’ नामक वार्षिक पत्रिका प्रकाशन गर्दै आएको छ भने भारत-नेपाल जनमैत्री सांस्कृतिक मञ्चका हरेक दुई वर्षमा अन्तर्राष्ट्रिय साहित्य सम्मेलन आयोजना गरी दुई देशको सांस्कृतिक र साहित्यिक सम्बन्धलाई जोड्दै आएको छ। *रासस*

भजनी र टीकापुरमा बाढी र डुबान

# दीर्घकालीन समाधानको खोजी



■ झलनाथ खनाल/दुर्गा देवकोटा

**भजनी-** बर्सेनि बाढी र डुबानबाट कैलालीमा अत्यधिक क्षति हुने गरेको छ। कैलालीको पनि भजनीमा बाढी र डुबानबाट बढी क्षति हुने गरेको छ। वर्षात्को समयमा भजनीवासी शान्तले सुत्न पाउँदैनन्।

‘बर्सेनि बाढीले विस्थापित बनाउँछ। दुई-तीन महिना सडकमै बास हुन्छ,’ स्थानीय सुरेन्द्र चौधरी भन्छन्, ‘बाढीका तीन महिना देशमा हाम्रा लागि सरकार छ कि छैन जस्तो हुन्छ।’ सान्त्वना दिनुभन्दा पीडा नहुनेगरी दीर्घकालीन समाधानको उपाय खोज्नुपर्ने उनको भनाइ छ।

भजनीकै रामकृष्ण चौधरी पनि समस्याका बेलामात्रै दिइने सान्त्वनाले समस्या समाधान नहुने बताउँछन्। बाढी र डुबानको मुख्य समस्या पहिचान गरी काम थाल्नुपर्ने उनको भनाइ छ। ‘बाढीका कारण खेत बाँझो राख्नुपरेको छ। लगाएको खेती भित्रचाउन पाइन्न। कुन बेला के हुन्छ भन्ने चिन्ताले रातभर जाग्राम बस्नुपर्छ,’ चौधरीले भने। बाढी र डुबानको दीर्घकालीन समाधान आवश्यक भएको उनको भनाइ छ।

बर्सेनि बाढी र डुबानका कारण करोडौंको क्षति हुने गरेको छ। विशेषगरी नदीका कारण भजनीका अधिकांश क्षेत्र डुबानमा पर्छन्। ‘बाढी बस्तीमा पसेपछि समस्या बढी हुन्छ। पानीको निकास नहुँदा डुबानको जोखिम महिनौंसम्म रहन्छ,’ स्थानीय रीता बोहरा भन्छन्।

भजनी नगरपालिकाका प्रमुख केवल चौधरी भजनी डुबानमा पर्नुका विविध कारण रहेको बताउँछन्। भजनीलाई चारैतिरबाट नदीले घेरेको छ। बाढीबाट जोगाउन उचित काम हुन नसक्दा भजनी डुबानमा पर्ने गरेको छ। ‘भारतको कैलाश बाँधले पनि बढी समस्या भएको छ। भारतले कैलाश बाँध बन्द गरेपछि त्यसको असर भजनीमा बढी पर्ने गरेको छ,’ नगरप्रमुख चौधरीले भने।

कैलाली क्षेत्र नं ३ की सांसद गंगा चौधरीले हुलाकी राजमार्गले पनि डुबानको समस्या निम्त्याएको बताइन्। पानीको निकास नहुँदा तथा जमिनभन्दा राजमार्गको उचाइ १०-१२ फिट बढी भएर समस्या भएको उनको भनाइ छ। उनले हुलाकी राजमार्गको पूर्वी क्षेत्र जलमग्न हुँदा पश्चिम क्षेत्रमा पानी नहुनु भनेको पानीको निकास नै नभएर डुबान गरेको भन्दै त्यसको विकल्प खोज्न आवश्यक रहेको सांसद चौधरीले बताइन्।

राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजनाले पथरैया नदीमा गरेको तटबन्धको काम अधुरै हुँदा पनि भजनी डुबानमा पर्ने गरेको छ। आयोजनाले केही भागमा तटबन्ध गरेर केही भाग छोड्दा तटबन्ध नभएको स्थानबाट पथरैया नदी बस्तीमा पसेको हो। आयोजनाका प्रमुख केदार श्रेष्ठले बजेट अभावका कारण सबै ठाउँमा तटबन्धको काम गर्न नसकिएको बताए। यसपटकको बाढीका कारण भजनी नगरपालिकामा मात्रै एक हजार ८२२ घरपरिवार विस्थापित भएका छन्। दुई घर बाढीले बगाएको तथ्यांक छ।

**एक दशकपछि अत्यधिक वर्षा**

टीकापुरः कैलालीको कर्णाली चिसापानी क्षेत्रमा २०७१ यताकै बढी वर्षा भएको छ। वर्षा मापन केन्द्र कर्णाली चिसापानीका अनुसार यही साउन २३ गते बिहान ४२४.२ मिलिमिटर वर्षा मापन गरिएको छ। यसैगरी चिसापानी माथिल्लो क्षेत्रमा वर्षा भए ठूलो खतरा हुने जल तथा मौसम विज्ञान विभागको वर्षा मापन केन्द्र चिसापानीकी कर्मचारी पार्वती गुरुङले बताइन्।

‘माथिल्लो क्षेत्रमा पनि यस्तै वर्षा भएको भए नदीमा पानीको बहाव अत्यधिक बढ्ने थियो,’ उनले भनिन्। जल तथा मौसम विज्ञान विभागको महाकाली वेसइन फिल्ड कार्यालय अत्तरियाका अनुसार यही साउन २४ गते १४३.९ मिलिमिटर वर्षा मापन भएको छ। चुरे क्षेत्रमा वर्षा भएकाले त्यहाँ पहिरोसमेत गएको फिल्ड कार्यालय अत्तरियाका मौसम विज्ञान सहायक सिंगल चौधरीले बताए।

अहिले पनि मनसुन सक्रिय भएकाले देशका अधिकांश भू-भागमा वर्षा भइरहेको छ। आगामी तीन दिनसम्म पनि देशका केही स्थानमा मध्यमदेखि भारी वर्षाको सम्भावना छ। आउँदो शनिबारदेखि फेरि मनसुन सक्रिय हुने देखिएको र त्यो समयमा अझै बढी वर्षा हुने सम्भावना देखिएको जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

अहिलेको अवस्था हेर्दा शनिबारदेखि देशका धेरै स्थानमा भारी वर्षा हुने सम्भावना रहेकाले नागरिकलाई सचेत रहन मौसमविद् सजिना शाक्यको सुझाव छ। दुई दिन परेको वर्षाका कारण बाढी आउँदा कैलालीका तटीय क्षेत्रमा डुबान भएको छ। डुबान हुँदा हजारौं नागरिक प्रभावित भएका छन्। जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाका अनुसार अझै पनि भारी वर्षा हुने सम्भावना देखिएकाले तटीय तथा जोखिम क्षेत्रका नागरिकले सतर्क भएर बस्न स्थानीय पालिकाले आग्रह गरेका छन्। कैलालीको टीकापुर, भजनी, जोशीपुर र जानकी गाउँपालिकाले नागरिकलाई सुरक्षित रहन सूचना गरेका छन्। बाढीबाट टीकापुर र भजनीका सयौं परिवार विस्थापित भएका छन्। कैलालीमा बर्सेनि कर्णाली, मोहना, पथरैया, कन्द्रा, खुटियालगायत नदीले दुःख दिने गरेको छ। *रासस*


## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAGATELLE DISTRIBUTION LTD

पुर्व स्वीकृति मिति : २०८०/०४/२६ LT. No.290726 चलानी नं. ६०२०५२३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Operator | 12 | 0 | 16665 | ४८,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Pastry Maker | 3 | 0 | 16665 | ४८,९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १९,५००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853

Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MABDE TRADING LLC.

पुर्व स्वीकृति मिति २०८०/०१/३१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२६ LT No.285963 चलानी नं:६०२०१४१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 100 | 0 | 900 | ३२,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 50 | 0 | 900 | ३२,२०० | | | | | | | |
| 3 | Kitchen Helper | 20 | 0 | 900 | ३२,२०० | | | | | | | |
| 4 | Porter | 30 | 0 | 900 | ३२,२०० | | | | | | | |
| 5 | Cleaner | 0 | 50 | 900 | ३२,२०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

Dubai Overseas International Pvt. Ltd.

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351

Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



**थारु समुदायको मृत्यु संस्कार**

दाङको घोराही उपमहानगरपालिका–१७, बेलभार गाउँका ७४ वर्षीया स्व. पिरलाल थारुको सातौं पुण्यतिथिको दिन शुक्रबार खोलामा नुहाउन जाँदै थारु समुदायका महिला। थारु समुदायमा मृत्युको दिन र शुद्ध शान्तिका दिन परापूर्वकालदेखि गाउँभरिका महिला जम्मा भएर टाउकोमा भाँडा बोकेर खोलामा नुहाउन जाने परम्परा छ। *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# झोलुंगे पुलले बागलुङमा पर्यटक बढाउँदै

■ **डम्मर बुढा मगर**

**ढोरपाटन-** हिउँद होस् या बर्खा। बागलुङ-पर्वत जोड्ने झोलुंगे पुल खाली नै हुँदैन। कालिगण्डकी नदीमाथि निर्माण भएको विश्वकै लामो भनेर जिकिर गरिएको झोलुंगे पुलमा पछिल्लो समय दैनिक पर्यटकको आगमन बढ्दै बढ्न थालेको छ।

पुल सञ्चालनमा आएको तीन वर्ष भयो। यो अवधिमा लाख बढी आन्तरिक तथा बाह्य पर्यटक यहाँ आएको स्थानीयवासीको अनुमान छ। कोभिड-१९ संक्रमणका बेला सञ्चालनमा आएको पुल अहिले आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ। नजिकै प्रसिद्ध बागलुङ कालिका मन्दिर, छेउमै कालीगण्डकी नदी, केहीमाथि धार्मिक पर्यटकीयस्थल पञ्चकोट र शालिग्राम संग्रहालय रहेको हुँदा पछिल्लो समय बागलुङमा धार्मिक पर्यटकको आवागमन बढेको हो।

तीन वर्ष अगाडिसम्म यहाँ आउने पर्यटकको संख्या साह्रै न्यून थियो तर अहिले हरेक दिन बागलुङ बजारमा पर्यटकको चहलपहल बढेको छ। पहिले अधिकांश पर्यटक बागलुङ कालिका मन्दिरसम्म आएर फर्कने गर्थे भने अहिले लामो झोलुंगे पुलले गर्दा बजार हुँदै पञ्चकोटसम्म पुऱ्याउने गरेको छ। पुल सञ्चालनमा आएपछि मुस्ताङको मुक्तिनाथ र म्याग्दीको गलेश्वर जाने पर्यटक पनि बागलुङमा आउन थालेका छन्। झोलुंगे पुलका कारण बागलुङसहित पर्वत र म्याग्दीमा पनि पर्यटकको संख्या बढ्दै गएको छ। अहिले लामो पुलमा बालबालिकादेखि युवायुवती र बूढापाकाको भीड हुने गरेको छ। पुलमा फोटो खिच्ने, टिकटक बनाउनेको संख्या पनि निकै ठूलो देखिन्छ। अझ बिदाको दिन सयौंले पुल अवलोकनका साथै वारपार गर्ने गरेका छन्।

हरेक दिन जिल्लामा पर्यटकको संख्या बढ्दै गएपछि कोभिडका कारण थला परेका जिल्लाका होटल व्यवसायीलाई यतिबेला भ्याइनभ्याइ छ। पर्यटकीय क्षेत्रको तीव्र प्रचार र सही व्यवस्थापन हुँदा पर्यटकको भित्रिने संख्या पनि बढ्दै गएको हो। पहिले यहाँ भारतीय पर्यटक निकै कम आउने गरेकामा अहिले दैनिकजसो पुल तर्नका लागि आउने गरेका छन्। भारतको चण्डिगढबाट घुम्न आएका पोकस चौधरीले यहाँको वातावरण, मन्दिर र लामो झोलुंगे पुल निकै रमणीय रहेको बताए। परिवारसहित मुक्तिनाथ दर्शनका लागि आएका उनले बागलुङका बारेमा धेरै पटक सुनेको हुँदा यसपालि घुम्न आएको बताए।


'मुक्तिनाथ तीन पटकसम्म आएँ, मुक्तिनाथ जाने बेला गाडीबाट आकाशमाथि झोलुंगे पुल देखेको थिएँ, यहाँ आउन पहिलेदेखि नै मन लागेको थियो, विभिन्न कारणले आउन पाइएको थिएन, अहिले परिवारसहित आएको बेला पुल तरियो, कालिका मन्दिरको दर्शन पनि गऱ्यौं,' चौधरीले भने, 'अहिले पनि हतार भयो, अर्को समय आउँदा अरु धेरै ठाउँ घुमेर जानेछौं, यो ठाउँ साँच्चिकै 'एमेजिङ' रहेछ, धेरै खुसी लाग्यो।'

कपिलवस्तु चन्द्रौटाका नवीन बेलवासेले यहाँको लामो झोलुंगे पुलसँगै पञ्चकोट, शालिग्राम संग्रहालय र बागलुङ कालिका सामाजिक सञ्जालमा देखेर नै घुम्न आएको बताए। यहाँका स्थल भिडियो युटचुब र फेसबुक पेजमा धेरै भाइरल भएको भन्दै त्यसले धेरैलाई आकर्षित गरेको उनको भनाइ थियो। आफूहरू सात जनाको समूह बनाएर यहाँ आएको र धार्मिक तथा पर्यटकीय ठाउँको भ्रमण गरेर फर्किने बेलवासेले बताए। उनले भने, 'यसभन्दा अगाडि बञ्जीजम्पमा आएको थिए, अहिले यहाँसम्म आएका छौं, गर्मी बिदाको मेसो मिलाएर आएको बेला ढोरपाटनसम्म पुग्ने योजना छ, यो पुल तर्ने ठूलो रहर थियो, तरियो, बीचमा पुग्दा डर पनि लाग्दो रैछ रमाइलो पनि भयो, यति लामो पुल अहिलेसम्म देखेको थिएन, हाम्रोतिर त छोटोछोटो मात्रै पुल बनेका छन्।'

पछिल्लो समय अहिलेसम्मकै धेरै पर्यटक बागलुङ आउने गरेको होटल व्यवसायी संघ गण्डकी प्रदेशका अध्यक्ष अर्जुन चोखालले बताए। उनले लामो पुलले गर्दा बागलुङमा पर्यटक बढेको र होटल व्यवसाय पनि फस्टाएको बताए। पहिले कालिकामा आउने पर्यटकमध्ये १० प्रतिशत मात्रै बजारमा आउने गरेकामा अहिले ५० प्रतिशत बढी आउन थालेको अध्यक्ष चोखालको भनाइ थियो। अहिले अधिकांश पर्यटक पुल नै हेर्न र पार तर्न आउने गरेको देखिन्छ।

'अहिले होटल व्यवासय राम्रो भइरहेको छ, होटलमा आउने पाहुनाको संख्या पनि बढिराखेको छ, हामीहरूले कस्तो सेवा दिएका छौं, उनीहरूले मूल्यांकन गर्ने विषय हो, अहिले पर्यटक बढ्नुको मुख्य कारण भनेकै लामो झोलुंगे पुल हो,' उनले भने, 'पुलको व्यापकरूपमा प्रचार भएकै कारण पर्यटक बढेका हुन्, अहिले अन्य पर्यटकीय ठाउँको पनि विकास भयो, त्यसले गर्दा पनि होला दिनप्रति दिन बागलुङमा आउनेको संख्या बढिरहेको पाएका छौं।'

मुस्ताङको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ र म्याग्दीको गलेश्वरको प्रवेशद्वारमै लामो पुल हुँदा दैनिक एक हजारभन्दा बढी पर्यटक



यहाँ घुम्न आउने अध्यक्ष चोखालको भनाइ थियो। पुल हेर्न आएकामध्ये डेढ सयभन्दा बढी पर्यटक बागलुङका होटलमा बास बस्ने गरेका छन्। अहिले राति घुम्न आउने पर्यटकलाई लक्षित गरी विद्युतीय बत्तीसमेत जडान गरिएको छ।

'सिंगल स्पान' मा संसारकै लामो भनिएको यो पुल ५६७ मिटर लामो छ। वि.सं. २०७७ देखि सञ्चालनमा आएको यो पुल बागलुङ नगरपालिका-१ बांगेचौर र पर्वतको कुश्मा नगरपालिका-१ पाङसँग जोडिएको छ। पुल करिब रु नौ करोड २५ लाखमा सम्पन्न भएको थियो। पुल आसपासमा अहिले व्यावसायिक प्रयोजनका लागि पूर्वाधार निर्माण भइरहेका छन्। *रासस*

कैदी मृत्यु प्रकरण

# घटनामा संलग्न प्रहरीसहित १५ जना नियन्त्रणमा

**किमाथांका-** संखुवासभा जिल्ला कारागार खाँदबारीमा भएको घटनाको अनुसन्धानका लागि १० प्रहरीसहित १५ जनालाई नियन्त्रणमा लिइएको छ।

कारागारमा कुटपिटबाट संखुवासभाको मादी नगरपालिका-५ का कैदी १९ वर्षीय विनोद तोलांगी र नुवाकोटको ककनी गाउँपालिका-७ का २८ वर्षीय आकाश बलामीको बुधबार बिहान मृत्यु भएको थियो। कैदी मादी-५ का तोलांगी र ककनी-७ का २८ बलामीको कुटपिटबाट मृत्यु भएको संखुवासभाका प्रहरी नायब उपरीक्षक वीरेन्द्र गोदारले पुष्टि गरे।

कारागारको शौचालयको झ्यालका रड काटेर भाग्न खोजेको भन्दै कैदी तोलांगी र बलामीलाई बुधबार बिहान १ बजेतिर प्रहरीले नियन्त्रणमा लिएको थियो। कुटपिटमा कारागारको सुरक्षामा खटिएका प्रहरीकोसमेत प्रत्यक्ष संलग्नता देखिएको बताइएको छ। कारागारमा रहेको सिसिटिभी फुटेज अध्ययनबाट प्रहरीले कैदीलाई कुटपिट गरेको देखिएको हो।

फुटेज हेरेपछि कारागारको सुरक्षामा खटिएका १० प्रहरीसहित १५ जनालाई नियन्त्रणमा लिएर घटनाको अनुसन्धान सुरु गरिएको प्रहरी नायब उपरीक्षक गोदारले बताए। पीडित पक्षको किटानी जाहेरी आएपछि म्याद थप गरेर घटनामा संलग्नमाथि थप अनुसन्धान गरिने प्रहरी नायब उपरीक्षक गोदारले बताए। कुटपिटमा कारागारको सुरक्षामा खटिएका प्रहरी र चौकीदार, नाइके, बडानाइकेसहित पाँच कैदीबन्दी संलग्न भएको देखिएको छ। नियन्त्रणमा लिएका १५ जनामाथि अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

कारागारको सुरक्षामा प्रहरी सहायक निरीक्षकको नेतृत्वमा २० प्रहरी परिचालन गरिएका थिए। घटनामा प्रहरीको संलग्नता देखिएपछि प्रहरी सहायक निरीक्षक लक्ष्मी चौधरीसहित १० जनालाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। कैदीको मृत्यु भएको घटनाको अनुसन्धानका लागि भनेर प्रहरीले कारागारका चौकीदार रामकुमार कार्कीसहित नौ कैदीलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेको छ। उक्त घटना कारागारको 'ए ब्लक'मा भएको हो। सो ए ब्लकमा ६६ कैदीबन्दी रहेको थिए।

घटनापछि जिल्ला सुरक्षा समितिले सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेको नेतृत्वमा बुधबार तीन सदस्यीय छानबिन समिति बनाएको थियो। समितिमा जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सरोज खनाल र प्रशासन कार्यालयका नायव सुब्बा तारणी घिमिरे सदस्य रहेका छन्।

त्यस्तै गरी कोशी प्रदेश प्रहरी कार्यालयले पनि प्रहरी उपरीक्षक ऋषिराम कँडेलको नेतृत्वमा चार सदस्यीय छानबिन समिति बनाएको छ। समितिमा प्रहरी निरीक्षक जितेश दाहाल, प्रहरी नायब निरीक्षक रुद्रबहादुर खड्का र हवल्दार तीर्थ भट्टराई सदस्य छन्। कोशी प्रदेश प्रहरीको छानबिन समितिले बिहीबारदेखि काम सुरु गरिसकेको छ।

**गृहको छानबिन समितिले सुरू गऱ्यो अनुसन्धान**

जिल्ला कारागारमा दुई कैदीको शंकास्पद मृत्यु भएको आरोप लागेपछि गृह मन्त्रालयले समेत छानबिन समिति गठन गरेको छ। गृह मन्त्रालयले कारागार व्यवस्थापन विभागका निर्देशक एवं प्रवक्ता कमलप्रसाद पाण्डेको संयोजकत्वमा पाँच सदस्यीय छानबिन गठन गरेको छ।

समितिमा नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षक कौशलकुमार बुढाथोकी, राष्ट्रिय अनुसन्धानका नायब उपरीक्षक कुमार बुढाथोकी, कारागार विभागका कानुन अधिकृत तुलबहादुर खड्का र जिल्ला प्रशासन कार्यालय संखुवासभाका प्रशासकीय अधिकृत सदस्य रहेका छन्। गृह मन्त्रालयको छानबिन टोली शुक्रबार संखुवासभा आइपुगेको हो। टोलीले शुक्रबारदेखि अनुसन्धान सुरु गरेको छ। अहिले संखुवासभा कारागारमा आठ महिलासहित १३६ कैदीबन्दी छन्। *रासस*


**चोमलुङ्मा सा.व.उ.स. बेलका नगरपालिका-८ उदयपुरको काठ लिलाम बिक्री सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८०/०४/२७

यस समूहको बार्षिक कार्ययोजना अनुसार बनक्षेत्रमा कटान मुछान भई घाटगद्दी भएका लट नम्बर १ को साल जातको गोलिया थान २८ को ३६७.०३ क्यूफिट, लट नम्बर २ को साल जातको गोलिया थान ३३ को ५४७.८५ क्यूफिट, लट नम्बर ३ को साल जातको गोलिया थान ३८ को ५३५.४५ क्यूफिट, लट नम्बर ४ को असाना जातको गोलिया थान २३ को ३०३.७२ क्यूफिट, काठ समूह बाहिर बिक्रि बितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। इच्छुक भ्याटमा दर्ता भएका र बन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएका काष्ठ उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ। बिस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ।

**ढाक्रेबास सा.व.उ.स. बेलका नगरपालिका-४ उदयपुरको काठ लिलाम बिक्री सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८०/०४/२७

यस समूहको बार्षिक कार्ययोजना अनुसार बनक्षेत्रमा कटान मुछान भई घाटगद्दी भएका लट नम्बर १ को साल जातको गोलिया थान ६० को ४६८.८३ क्यूफिट, लट नम्बर २ को साल जातको गोलिया थान ८० को ७७७.०३ क्यूफिट, लट नम्बर ३ को कर्मा जातको गोलिया थान ६ को ११८.९५ क्यूफिट, लट नम्बर ४ को साल जातको गोलिया थान ७९ को ६०७.५१ क्यूफिट, काठ समूह बाहिर बिक्रि बितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। इच्छुक भ्याटमा दर्ता भएका र बन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएका काष्ठ उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ। बिस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ।

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक ११० साउन २६ गते २०८० मा प्रकाशित **All Asia Overseas Pvt.ltd** को Lot No. 279750 को **Palm Springs International Company** कम्पनीको विज्ञापनमा **पुन विज्ञापन स्वीकृति मितिः** २०८०/०४/२५ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ।

**All Asia Overseas Pvt.Ltd**
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

**राहदानी हरायो**

मिति २०८०/०२/१२ गते कपनदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम थर : **मुरारी बस्नेत**
राहदानी नं : **१२४१८९३०**
ठेगानाः **काठमाडौं**
फोन नं : **९८१७३३६४७८**

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **PREMIUM FACILITY MANAGEMENT SERVICES**

पुर्व स्वीकृति मिति २०८०/०४/२५ | LT. No: 290611 | चलानी नं.: ६०२०५९७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 5 | 0 | 1500 | ५४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**GREEN HILL OVERSEAS PVT. LTD.**
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818863167, 9749419416, 9851014815, 9803828661
Email:greenhilloverseas5@gmail.com
श्रम ईजाजत नं. 1536/078/79

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **DISCOVERY EMPLOYMENT SOLE PROPRIETORSHIP LL**

पूर्व स्वीकृति मिति : २०७८/०६/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२६ | LT. No.248271 | चलानी नं.६०१६६२१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 68 | 0 | 1100 | ३९,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Labourer | 7 | 0 | 800 | २८,८६० | | | | | | | |
| 3 | Carpenter | 66 | 0 | 1100 | ३९,६८५ | | | | | | | |
| 4 | Steel Fixer | 35 | 0 | 1100 | ३९,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Rasuwa Overseas Pvt. Ltd.**
Airport, Kathmandu, Nepal, Phone No. +977-5906439
E-Mail : rasuwaoversease@gmail.com, Website : www.rasuwaoverseas.com
श्रम ईजाजत नं. ११३०/०७३/०७४

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **MIRINA WEB DESIGN EST**

पूर्व स्वीकृति मिति २०८०/०४/२६ | LT. No. 290794 | चलानी नं. ६०२०५१२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accounting Clerk | 4 | 5 | 1300 | ४६,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Commercial Sales Representative | 4 | 4 | 1500 | ५४,११५ | | | | | | | |
| 3 | Data Entry Clerk | 4 | 4 | 1100 | ३९,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS
श्रम ईजाजत नं. ११०८/०७३/०७४

प्रभाव दैनिक




## 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' फाइनल भदौ २ मा

१ करोड पुरस्कार भएको दुई रियालिटी सो 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'को फाइनल अगामी २ भदौमा हुने भएको छ । आयोजक ईन्ट्रा नेपाल वेलफेयर फाउन्डेशन राजधानीमा एक कार्यक्रम गर्दै फाइनल ललितपुरको गोदावारीस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्मा हुने जानकारी दिइएको हो । कार्यक्रममा 'मेरो भ्वाइस युनिभर्स' तर्फ छनौट भएका उत्कृष्ट ५ र 'मेरो डान्स युनिभर्स' तर्फको उत्कृष्ट ६ प्रतियोगी सार्वजनिक गरियो । ३० एपिसोड प्रसारण भएको 'मेरो भ्वाइस युनिभर्स' टप फाईभमा सिक्कमबाट शिशिर ठटाल र प्रितम राई, दार्जलिङबाट साइईराज खाती तथा नेपालबाट परेश राई र शरद हुमागाई छन् ।



शनिबार, २७ साउन २०८० (Saturday, August 12, 2023)

# अभिनेत्री कविताले कवितामै उतारिन् जीवनका भोगाइ

■ प्रभाव संवददाता

**काठमाडौं–** हिट फिल्म 'बोबी'की अभिनेत्री कविता गुरुङको कविता संग्रह 'मेरो कविताको शीर्षक छ' लोकार्पण गरिएको छ । शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रमकाबीच चलचित्र निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुली, निर्माता संघका कोषाध्यक्ष ज्योती राई लगायतले कविता संग्रहको 'सट लिष्ट' सार्वजनिक गरे ।

कार्यक्रममा अभिनेत्री गुरुङले आफ्नो जीवनका भोगाइका अनुभवहरू कविता मार्फत उतारेको बताइन् । 'म राम्रो कवि, साहित्यकार होइन । आफुले लेखेको कविता सबैलाई सुनाउन, देखाउन मनलागेको सार्वजनिक गरेकी हुँ' अभिनेत्री गुरुङले भनिन् । गुरुङले सार्वजनिक गरेको 'सट लिष्ट'मा १० वटा कविता छन् । आगामी दिनमा अन्य कविता समेत थपेर पुस्तकमा ल्याउने सोच छ । नर्बेमा बस्दै आएकी अभिनेत्री गुरुङ कविता सार्वजनिकका लागि मात्रै केही दिन अगाडि नेपाल आएकी हुन् ।

'भोलीका दिन म नरहुँला, समयले नदेला, ममा जोस नहोला, मेरो कविता त्यतिकै थन्किएर बस्ला', उनले अगाडि थपिन् 'जे जति कविता तयार भयो । त्यो सुनाउनुपर्छ, देखाउनुपर्छ भनेर नेपाल आएकी हुँ ।' अगामी दिनमा पनि कविता लेखनलाई निरन्तरता दिने सोच आफ्नो रहेको उनले सुनाइन् ।

'जब मलाई मनले, भोगाइले कविता लेख भन्छ लेख्छु', गुरुङले थपिन् 'मैले पहिलो चोटी 'बोबी' फिल्म अभिनय गरे । मिडियाका साथीभाइले राम्रोसँग साथ दिनुभयो । गत बर्ष पुस्तक ल्याए । त्यसमा पनि साथ पाए ।' पटकपटक साथ र सपोट गर्नेसँग भेट्नका कविताको बहानमा नेपाल आएको उनको भनाई थियो । पहिलो पटक कोरेको कविता श्रीमान्लाई सुनाउदा राम्रो भनेकोले अन्य कविता पनि आफुले कोरेको




कार्यक्रममा उनले बताइन् ।

कार्यक्रममा चलचित्र निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुलीले अभिनेत्री गुरुङको आट र क्षमताको आफु सधै प्रसंसक रहेको बताए । 'कतिपयले कविता पुस्तक बनाएपछि सार्वजनिक गर्छन् । उनले लेख्न थालेपछि जानकारी दिइन्', पराजुलीले भने 'यस्तो कार्यक्रम पहिलो पटक हो, पहिलो भएपनि राम्रो सुरुवात भयो ।' कविताले पुस्तक पुरा गरेर सार्वजनिक गर्नेमा आफु आसावादी रहेको पराजुलीले बताए ।

'अलिअलि गीत र कविता त म पनि लेख्दै आएको छु' पराजुलीले भने 'गुरुङको कवितामा मैले धेरै यर्थात पाए, मनछुयो ।' गुरुङमा राम्रो साहित्यकारमा हुने छनक आफुले देखेको बताएका पराजुलीले कवितालाई पुस्तक सबै पाठक माँझ पुर्याउन समेत सुझाए ।

त्यस्तै चलचित्र निर्माता संघका कोषाध्यक्ष ज्योती राइले अभिनेत्री गुरुङको कवितामा यर्थात र जीवन भोगाइका अनभुव भएकोले सबैको जीवनसँग कहिन कही मेल खाने रहेको बताए । कार्यक्रममा कविताले 'नबुझ्दा', 'मनमा लागेका सबैकुराहरू', 'भेट्नुछ एकचोटी अव फेरि' शीर्षकका तीन कविता समेत बाचन गरेर सुनाएकी थिइन् ।

अभिनेत्री गुरुङले गतबर्ष 'म अनि मेरो' नामक आत्मकथा पुस्तक ल्याएकी थिइन् । जसमा उनले कलेज लाइफ, उमेश थापासँग प्रेम र अन्तर्जातीय विवाह, माइती पक्षको अवरोध, बुहारी हुँदाको अनुभव र नेपालदेखि नर्वेसम्मको यात्रालाई उतारेकी थिइन् । अहिले सार्वजनिक कविता संग्रहमा पनि जीवनका त्यही कालखण्डका भोगाइ छ । कविता र उमेशलेसँग परिवारको सहमतीबीना भागेर अन्तर्जातीय विवाह गरेका थिए । विवाहपछि भागेर नर्बे पुगेका उनीहरूको प्रेमकथामा केहीं बर्ष अगाडि 'बोबी' फिल्म निर्माण भएको थियो । जुन फिल्ममा कविता र उमेश नै मुख्य भुमिकामा थिए । उनीहरूको जोडी र फिल्म दर्शकले रुचाएका थिए ।

# नेपालपछि अमेरिकामा 'बगान'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र 'बगान' पाँचौं सातामा प्रदर्शनरत छ । साता बढ्दै गर्दा यसको दर्शक पनि बढेका छन् । दर्शककै 'वर्ड अफ माउथ'को कारण सफल भईरहेको 'बगान' हेर्न हलमा परिवार नै देखिने गरेका छन् । दर्शकले चलचित्रमा आमा बन्नु भएकी करिश्मासँगै छोरीको भूमिकामा रहेकी नव अभिनेत्री प्रमिला कार्कीको तारिफ गरेका छन् । प्राय दर्शक यी दुवैलाई आफ्नो कथा व्यक्त गरेको भन्दै धन्यवाद दिइरहेका छन् ।

नेपालको सफलता पश्चात चलचित्र अमेरिकाको विभिन्न सहरमा प्रदर्शन हुने भएको छ । गीतकार तथा निर्माता सुरेश वाग्लेले अगस्टबाट प्रदर्शन प्रारम्भ हुने जानकारी दिए । उनले भने, 'हामीले अन्तर्राष्ट्रिय प्रदर्शन सुरू गरेका छौं । अमेरिकासँगै विभिन्न देशमा हुने प्रदर्शनको विषयमा समेत जानकारी गराउने छौं ।' उनले अगस्ट १८ र १९ मा बोस्टनमा रहेको रिजेन्ट थियटरमा विशेष प्रदर्शनी हुने जानकारी दिए । यसपश्चात न्यूयोर्क, ड्याल्स, ह्युस्टन, अस्टिन, लस एन्जल्स, क्यालीफोर्निया, ह्यारिस्वर्ग, कोलोराडो, एटलान्टा लगायतका सहरमा प्रदर्शनको तयारी भईरहेको गीतकार वाग्लेले बताए ।

'नेपालमा पाइरहेको प्रतिक्रियाले विदेशमा कहिले प्रदर्शन हुन्छ भन्ने धेरै जिज्ञासा अईरहेको थियो । अहिले हामी बगान टिम नै चलचित्र लिएर अमेरिकामा छौं', उनले भने । चलचित्रका निर्देशक सरोज खनाल र अभिनेत्री प्रमिला अमेरिकामा हुने प्रदर्शनीमा सहभागी हुनेछन् ।

अभिनेता सरोज खनालले प्रथम पटक निर्देशन गर्नुभएको चलचित्र 'बगान'मा करिश्मा मानन्धर, आकाश श्रेष्ठ, प्रमिला कार्की, नीर शाह, बसुन्धरा भुषाल र मिथिला शर्मा लगायतको अभिनय रहेको छ । अभिनेत्री कार्कीले यहि चलचित्रबाट अभिनयमा डेब्यु गरेकी हुन् ।

स्वप्निल नीरवको कथामा आधारित रहि बनेको यो चलचित्र नेपाली वेबसाइट डटकमको प्रस्तुतिमा बनेको हो । 'बगान'का निर्माता तथा गीतकार सुरेश वाग्ले हुन् भने कार्यकारी निर्माता विनोद मानन्धर हुन् । यसमा गौरीशंकर धुजुको डिओपी, उत्सव दाहाल र नारायण जिसीको छायांकन, सन्देश शाहको सम्पादन, समिर मियाँको भि.एफ.एक्स. तथा रेनिश फागोको कलर करेक्शन रहेको छ ।

ब्याकराउन्ड स्कोर सुजिल कर्माचार्य र साउन्ड मिक्सिंग मुकेश शाहको रहेको छ । हरि लम्साल र सुवास भुषालको संगीत रहेको चलचित्रका गीतमा अञ्जु पन्त, सुगम पोखरेल र अस्मिता अधिकारीको स्वर रहेको छ । यसको वितरण रिच इन्टरटेन्मेन्ट र डिसिएनले काठमाडौं उपत्यका र मोफसलमा एफडी कम्पनीले गरिरहेको छ ।




## रंगशाला

**महिला विश्वकप**

# स्पेन र स्वीडेन सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं –** अष्ट्रेलिया र न्युजिल्याण्डमा जारी फिफा महिला विश्वकपको सेमिफाइनलमा स्वीडेन र स्पेन पुगेका छन् । शुक्रबार सम्पन्न खेलमा जापानलाई हराउँदै स्वीडेन सेमिफाइनलमा प्रवेश गरेको छ ।

उपाधी दाबेदार मानिएको जापानविरुद्ध स्विडेन २-१ गोलअन्तरले विजयी भएको हो । स्वीडेनका लागी ए लेस्टि र एफ एन्जलले समान १/१ गोल गरिन् । उता जापानका लागी एह्यांसीले १ गोल फर्काइन् ।

जापानका लागी खेलको ७६औ मिनेटमा आर युकिले पेनाल्टीमा गोल गर्न चुकेपछि खेलमा फर्किने मौका गुमाएको थियो ।

फाइनल प्रवेशका लागी स्विडेनले स्पेनको



सामना गर्नेछ । स्पेन शुक्रबार नै भएको पहिलो सेमिफाइनलमा नेदरल्यान्ड्सलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरिसकेको छ।

स्वीडेन यस अघि अर्को बलियो टोली अमेरिकालाई पराजित गर्दै क्वाटरफाइनमा आएको थियो ।

शुक्रबार बिहान वेलिटंनमा सम्पन्न पहिलो क्वाटरफाइनल खेलमा स्पेन २-१ गोल अन्तरले विजयी भएको हो ।

निर्धारित समय १-१ गोलको बराबरीमा सकिएपछि खेल अतिरिक्त समयमा पुगेको थियो। स्पेनकि साल्मा पारेलुले १११औ मिनेटमा गोल गरेपछि स्पेन विजयी भएको हो ।

यो संगै स्पेन पहिलोपटक विश्वकपको सेमिफाइनलमा पुगेको छ । अघिल्लो संस्करणको उपविजेता नेदरल्यान्ड्स भने अन्तिम ८ बाटै घर फर्किएको छ ।

# बढुवा रोकिएपछि कर्मचारी आन्दोलित

■ प्रभाव संवाददाता

**काठमाडौं –** राष्ट्रिय खेलकुद परिषद्(राखेप) मा रहेका विभिन्न खेलका प्रशिक्षकसहित उपत्यकाका तीन जिल्लाका कर्मचारीले आफूहरूको बढुवा प्रक्रिया रोकिएको भन्दै शुक्रबारदेखि आन्दोलन सुरु गरेका छन् ।

तीन जिल्लाका कर्मचारीहरूले त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्मा शुक्रबार कोणसभा आयोजना गर्दै आन्दोलन सुरु गरेका हुन् । देशभर ७७ जिल्ला र केन्द्रमा गरेर करारसहित करिब आठ सयभन्दा बढी कर्मचारीहरू नेपाली खेलकुदमा कार्यरत छन् । तीमध्ये करिब चार सय जनाको पछिल्ला समय बढुवा प्रक्रिया अन्तिम चरणमा पुगेको थियो । यद्यपि, बढुवा प्रक्रियामा युवा तथा खेलकुद मन्त्रालयले अवरोध पुर्याइरहेको राखेपका कर्मचारीको आरोप छ ।

राष्ट्रिय खेलकुद परिषद् कर्मचारी संघले बिहीबार पत्रकार सम्मेलन गर्दै चरणबद्ध रूपमा आन्दोलनका कार्यक्रम घोषणा गरेका थिए । सोही आन्दोलनका कार्यक्रमअन्तर्गत शुक्रवार राखेपका तीन जिल्लामा रहेका प्राविधिक र प्रशासनिक कर्मचारीले कोणसभा आयोजना गर्दै पहिलो चरणको आन्दोलन गरेका हुन् । राष्ट्रिय खेलकुद परिषद् कर्मचारी संघको नेतृत्वमा शुक्रबारदेखि आन्दोलन सुरु भएको हो । राखेपमा करिब तीन दशकसम्म कर्मचारीको बढुवा हुन सकेको छैन । केही खेलका प्रशिक्षकले पनि दुई दशकदेखि एउटै पदमा रहेर काम गरिरहेका छन् ।

यद्यपि, राखेपको नेतृत्वमा पछिल्ला समय उनीहरूको बढुवा प्रक्रिया अगाडि बढिरहेको थियो । जसअन्तर्गत तीन सय ८५ जना कर्मचारीको बढुवा प्रक्रियाको काम अन्तिम चरणमा पुगेपछि युवा तथा खेलकुद मन्त्रालयले रोकेको कर्मचारीले आरोप लगाउँदै आएका छन् । कर्मचारीहरूले आफूहरूको माग सुनुवाइ नभएमा थप कडा आन्दोलन गर्दै जाने चेतावनी दिएका छन् । राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङको संयोजकत्वमा रहेको पाँच सदस्यीय पदपूर्ति समितिले करिब चार सय कर्मचारीको बढुवा प्रक्रिया अगाडि बढाएका थिए ।

तर, समितिमा रहेका पाँच सदस्यमध्ये मन्त्रालयका प्रतिनिधिले भने बढुवा प्रक्रिया रोकेको राखेपका कर्मचारीको आरोप छ । शुक्रबार भएको कोणसभा कार्यक्रममा नेपाली राष्ट्रिय भलिबल टोलीका प्रशिक्षक जगदीश भट्ट र तेक्वान्दोका प्रशिक्षक नोर्बु लामाले १९ वर्षसम्म पनि सहायक प्रशिक्षक भएर काम गर्नु पीडादायी स्थिति रहेको बताएका थिए । राखेपका प्रचारप्रसार शाखाका प्रमुख खुसराज दाहालले दुई दशकभन्दा बढी समय एउटै पदमा काम गरिरहेका कर्मचारीको हुन लागेको बढुवा प्रक्रियामा अवरोध पुर्याउने कामले सम्पूर्ण कर्मचारी निरुत्साहित भइरहेको धारणा राखे ।

दोस्रो चरणको कार्यक्रमअन्तर्गत तीन दिनसम्म कालो पट्टी बाँधेर काम गर्ने कर्मचारी संघले जनाएको छ । आफूहरूको माग सुनुवाइ नभए प्रशिक्षकहरू प्रशिक्षण कार्यक्रम नै नगर्ने र प्रशासनिक कर्मचारीले कलम बन्द गर्ने लगायत कठोर आन्दोलन गर्ने चेतावनी कर्मचारी संघले दिएको छ । यसो भएमा १९ औं एशियाली खेलकुद खेल्ने खेलाडीको तयारीमा पनि अवरोध हुन सक्नेछ ।

**किंग्स कप पुरुष भलिबल**

# पुलिस फाइनलमा, दोस्रो सेमिफाइनल आज



■ प्रभाव संवाददाता

**काठमाडौं –** गण्डकी प्रदेशमाथि जित निकाल्दै विभागीय नेपाल पुलिस क्लब दोस्रो संस्करणको किंग्स कप पुरुष भलिबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

काठमाडौंको नयाँ बसपार्कस्थित ढोरपाटन स्पोर्ट्स क्लबको कोर्टमा शुक्रबार भएको खेलमा पुलिसले गण्डकीलाई ३-१ को सेटमा पराजित गर्दै उपाधि नजिक पुगेको हो ।

पुलिसले पहिलो र दोस्रो सेटमा जित हात पारेर खेल आफ्नो पक्षमा रहेको संकेत गरेको थियो । तेस्रो सेट जितेर गन्डकीले खेलमा फर्कने संकेत गरेको थियो । तर, चौथो सेटमा जित हात पारेर पुलिसले फाइनल यात्रा पक्का गर्यो ।

पुलिसले पहिलो र दोस्रो सेट क्रमश २५-२३, २६-२४ जितेको थियो । तेस्रो सेट २५-२२ गुमाउँदा चौथो सेट २५-२१ ले आफ्नो पक्षमा पार्दै पुलिसले जित निकाल्न सफल भयो ।

शुक्रबार नै हुनुपर्ने आयोजक किंग्स क्लब काठमाडौं र विभागीय नेपाल एपिएफ क्लबबीचको दोस्रो सेमिफाइनल खेल निरन्तरको वर्षाका कारण स्थगित भएको छ । तेस्रो सेट चलिरहँदा वर्षा भएपछि खेल पुन सुचारु हुन सकेन ।

अब यो खेल शनिबार सुरुआतबाटै हुनेछ ।नेपाल भलिबल संघको स्विकृतीमा भएको यस प्रतियोगितामा संघले प्राविधिक सहयोग प्रदान गर्नेछ ।

प्रतियोगिताको अनुमानित बजेट १७ लाख रहेको छ । आयोजक क्लबका महासचिव लक्ष्मण काप्रीका अनुसार पुरस्कार तर्फ मात्र ४ लाख रकम खर्च हुनेछ ।

प्रतियोगितामा प्रथम हुने टोलीले २ लाख २ हजार नगद प्राप्त गर्दा दोस्रो हुनेले १ लाख १ हजार नगद प्राप्त गर्ने छ । तेस्रो हुनेले नगद रु ५० हजार ५ सय र सान्त्वनाले रु २२ हजार २ सय प्राप्त गर्ने छ ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले ८ हजार नगद पुरस्कार पाउँने छ । हरेक विधाका उत्कृष्ट खेलाडीले जनही ३ हजार नगद पुरस्कार पाउँने छ ।

## म्यान्मामा बाढी:
# १८ हजारभन्दा बढी विस्थापित

**यांगुन-** म्यान्माको दक्षिणी केइन राज्यमा नदीको बहाव खतराको चिह्न नाघेपछि १८ हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ ।

'केइन राज्यका छवटा टाउनसिपहरूमा बाढीले खतरा उत्पन्न गरेपछि सुरक्षित आश्रयस्थलहरू स्थापना गरिँदै छ,' केइन राज्य सरकारका प्रवक्ता यू साउ खिन माउङ मिन्टलाई उद्धृत गर्दै सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

थानल्विन नदीसहित केइन राज्यका विभिन्न नदीहरूमा जल सतह बढेको छ भने केइन राज्यको राजधानी हपा-आन र मोन राज्यको राजधानी मावलामाइन जोड्ने प्रमुख सडकका केही भाग डुबानमा परेका छन् ।

यसबाहेक यांगुन र मावलामाइन बीचका केही रेल मार्गहरू मंगलबार बागो र मावलामाइन बीचको रेलवे ट्र्याकका खण्डहरू बाढीको कारण डुबानमा पारेका छन् । देशको मौसम विज्ञान तथा जलविज्ञान विभागले बुधबार दिउँसो यहाँका छवटा नदीमा खतराको स्तर नाघेको जनाएको छ ।

बागो क्षेत्रको मडौक सहर र बागो टाउनसिप, केइन राज्यको ह्पान टाउनसिप र काचिन राज्यको मोगाउङ टाउनसिपमा नदी किनार वा तल्लो क्षेत्रका बासिन्दाहरूलाई सम्भावित बाढीको जोखिमबाट सतर्क रहन मौसम विभागले चेतावनी पनि जारी गरेको छ ।

बागो निवासी को आय ह्लाले बिहीबार सिन्ह्वालाई प्रत्येक वर्ष बाढीको अनुभव गरे पनि यस वर्षको डुबान लगभग तीन वर्षयताकै सबैभन्दा ठूलो भएको बताएका छन् । 'मेरो घरको भुइँ तल्ला हाल डुबेको छ,' उनले भने । बागोका तल्लो क्षेत्रका केही बासिन्दाहरूलाई उच्च क्षेत्रहरूको खोजी गर्दै गुम्बा र आश्रयहरूमा सारिएको पनि उनले बताएका छन् । *रासस/सिन्ह्वा*

# आइएसको आक्रमणमा २३ सिरियाली सैनिकको मृत्यु

**बेरुत-** द्वन्द्वग्रस्त देश लेबनानको पूर्वी भागमा इस्लामिक स्टेट समूह जिहादीहरूले एउटा सैन्य बसमा गरेको आक्रमणमा कम्तीमा २३ सिरियाली सैनिकको मृत्यु भएको छ । एक जना युद्ध अनुगमनकर्ताले शुक्रबार सो घटनाबारे जानकारी गराएका हुन् ।

बेलायतमा रहेको सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सले बिहीबार देइर एजोर प्रान्तमा आइएसका सदस्यहरूले एउटा सैन्य बसलाई निशाना बनाएर गरेको आक्रमणमा २३ सैनिकको मृत्यु भएको र १० जनाभन्दा बढी घाइते भएको बताएको छ । *रासस/एएफपी*

# चन्द्रमा स्टेसनमा ५० वर्षपछि रूसको यात्रा

**भ्लाडिभोस्टक-** रुसले चन्द्रमाको दक्षिणी ध्रुवको खोजी गर्ने ऐतिहासिक अभियान सञ्चालन गर्दै शुक्रबार बिहान लुना-२५ चन्द्र स्टेसन सफलतापूर्वक प्रक्षेपण गरेको छ ।

रिटर्न क्याप्सुल नभएको स्टेसनलाई रुसको सुदूरपूर्वको अमुर ओब्लास्टको भोस्टोचनी कोस्मोड्रोमबाट फ्रेगेट अपर स्टेजको साथ सोयुज-२.१ बी रकेटले प्रक्षेपण गरेको थियो ।

लिफ्ट अफ भएको नौ मिनेटपछि, लुना-२५ स्टेसनको साथ फ्रिगेट माथिल्लो चरण रकेटको तेस्रो चरणबाट अलग भएको बताइएको छ । त्यसको लगभग एक घण्टापछि लुना-२५ फ्रिगेट माथिल्लो चरणबाट अलग भयो र सफलतापूर्वक चन्द्रमाको उडान मार्गमा प्रवेश गरेको अधिकारीहरूले जानकारी दिएका छन् । *रासस/सिन्ह्वा*

## किन थुनामुक्त...
पृष्ठ १ बाट जारी

शुक्रबारको बैठकमा २० जनाले धारणा राखेका र अधिकांशले सांसद शर्मा पक्राउबारे कुरा उठाएको प्रमुख सचेतक रमेश लेखकले जानकारी दिए । 'आज २० जनाले बोल्नुभयो । पर्सी (आइतबार) १२:३० मा फेरि बस्ने गरी बैठक स्थगित भएको छ,' लेखकले भने । सांसद शर्माको पक्राउ अनुचित भएकोले यसबारे बैठकमा गम्भीरतापूर्वक कुरा उठेको उनले बताए । 'यो पक्राउ अनुचित छ भनेर धारणा राखेका छौं,' लेखकले भने, 'तर कांग्रेसको धारणा पर्सीमात्र आउँछ ।'

## अदालतको आदेशले...
पृष्ठ १ बाट जारी

अहिले कुनै अभियोग लाग्दैन । तर प्रहरीले अनुसन्धान नछाड्ने जनाएको छ ।

शर्माले नक्कली शैक्षिक प्रमाणपत्रका आधारमा चिकित्सकीय अभ्यास गरिरहेको प्रमाण सिआइबीले नेपाल मेडिकल काउन्सिलमार्फत बटुलेको थियो । सात वर्षअघि नवराज सिलवाल त्यतिबेला डिआइजी थिए । उनकै प्रयासमा चलेको अपरेसनमा शर्मा पक्राउ पर्न असफल भए । जसमा ४० जनाभन्दा बढी चिकित्सक पक्राउ पर्दा ३६ जना चिकित्सकविरुद्ध अदालतमा मुद्दा दायर भएको थियो । जसमा सबैले सफाइ पाएका थिए ।

मोरङ-३ बाट प्रतिनिधिसभामा निर्वाचित सांसद शर्मा विगतबाटै विवादित पात्र हुन् । शर्मा विराटनगरको नोबेल कलेज र सिनामंगलको काठमाडौं मेडिकल कलेजका सञ्चालक हुन् । सांसद शर्मा भाइरल दुर्गा प्रसाईका व्यसायिक साझेदारसमेत भएको बताइन्छ । यसो त कतिपयले उनलाई माओवादी नेता वर्षमान पुन निकटसमेत बताउँछन् । पछिल्लो सुन प्रकरणमा पुनको नामसमेत मुछिएको छ । शर्मा चिकित्सा क्षेत्रका विवादित व्यवसायी हुन् ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAMCO CONSTRUCTION AND METAL INDUSTRIES
पूर्व स्वीकृति मिति २०७९/०६/१२ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/२६ LT. No. 272717 चलानी नं. ६०१८३९८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Technicians | 12 | 0 | 1500 | ५४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA Recruitment HR Pvt Ltd Govt.Lic. No- 1168/073/074
**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QUICK STORE SHOP TRADING
पूर्व स्वीकृति मिति २०८०/०४/२६ LT. No.290788 चलानी नं. ६०२०६०२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 4 | 0 | 1000 | ३६,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 2 | 0 | 1300 | ४७,३४० | | | | | | | |
| 3 | Grocer | 1 | 0 | 1900 | ६९,१९० | | | | | | | |

कम्पनी : ALANSAB FOR SERVICES AND CLEANING
पूर्व स्वीकृति मिति २०८०/०४/२६ LT. No.290798 चलानी नं. ६०२०६०२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 0 | 4 | 1400 | ५०,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Worker | 0 | 4 | 1000 | ३६,४१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMAL AL KHAIR POULTRY HOLDING COMPANY
पूर्व स्वीकृति मिति २०८०/०४/२६ LT. No. :290752 चलानी नं. ६०२०६०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम इजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAHARA TAKAUL TRADING COMPANY
पूर्व स्वीकृति मिति २०८०/०४/२५ LT No. 290738 चलानी नं. ६०२०५९९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Labor | 3 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Career Development Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALTEMA CONTRACTING AND INDUSTRIAL SERVICES COMPANY
पुर्व स्वीकृति मिति २०८०/०४/२६ LT No :290792 चलानी नं. ६०२०६०१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Machine Operator | 8 | 0 | 1800 | ६५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Driver | 10 | 0 | 1800 | ६५,५५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al-Farooque Overseas Pvt.Ltd.
श्रम ईजाजत नं: १२६०/०७४/७५
**Alfarooque Overseas Pvt .Ltd.**
Basundhara, (Infront of police station), Kathamandu, Nepal
Phone No: 01-4961373 Mobile : 9843653970, 9816660911, 9841425478
E-mail.: farukkhan650@gmail.com, www.alfarooqueoverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIMPANI CLEANING SERVICES
पुर्व स्वीकृति मिति २०८०/०४/२६ LT No.290777 चलानी नं. ६०२०६००३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 40 | 15 | 1100 | ३९,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOLDENTECH DISCRETE SEMICONDUCTOR (M) SDN. BHD.
पूर्व स्वीकृति मिति २०८०/०४/२५ LT. No. 290759 चलानी नं. ६०२०५९९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.**
श्रम ईजाजत नं. १४५५/०७४/०७५
Dhapasi-9, Basundhara Tole, Kathmandu,Tel: +997-1-4356889

## युएई/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE SISTERS
पूर्व स्वीकृति मिति : २०७८/१२/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/२६ LT. No. 259649 चलानी नं.६०१७६०२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 5 | 1500 | ५०,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 0 | 12 | 1500 | ५०,०६० | | | | | | | |

कम्पनी : GLASSY LOUNGE LADIES BEAUTY SALON CO
पूर्व स्वीकृति मिति २०७९/११/३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/२६ LT No : 281021 चलानी नं. ६०१९६६२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 7 | 150 | ६४८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 2 | 0 | 130 | ५६१७३ | | | | | | | |
| 3 | MANICURE/PEDICURE | 0 | 4 | 140 | ६०४९५ | | | | | | | |
| 4 | MASSAGER | 0 | 4 | 140 | ६०४९५ | | | | | | | |
| 5 | NAIL TECHNICIAN | 0 | 7 | 150 | ६४८१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २ गते (19th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १११९०० | प्रति तोला – ११०५५० | प्रति तोला – १३७० |



सुर्खेतको गुर्भाकोट नगरपालिका–१४ विशालचोक, गुमीमा रहेको कर्णाली ड्रागन फ्रुट फार्ममा बिक्रीका लागि टिपर राखिएको ड्रागन फ्रुट ।
*तस्बिर: सुरेश आचार्य/रासस*

# ऊर्जा उद्यमीका जायज समस्या समाधान गर्छौं : ऊर्जामन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले ऊर्जा क्षेत्रमा देखिएका समस्या सामूहिकरूपमा समाधान गर्ने बताएका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाललगायतका पदाधिकारीसँग शुक्रबार ऊर्जा मन्त्रालयमा भएको छलफलमा उनले सरकार र निजी क्षेत्रको सामूहिक प्रयासबाट मात्रै सबै समस्याको निरूपण हुने बताए ।

सरकार र निजी क्षेत्रको सार्थक प्रयासबाट मात्रै ऊर्जा क्षेत्रको बृहत्तर विकास र विस्तार हुने तथा नयाँ अवसरको सिर्जना हुनेसमेत मन्त्री बस्नेतको भनाइ छ ।

ऊर्जा क्षेत्रको विकासका लागि आन्तरिक लगानीकर्तालाई प्रवर्द्धन गर्ने सरकारको योजना रहेको स्पष्ट पार्दै उनले भने, 'आन्तरिक लगानीकर्तालाई प्रवर्द्धन गरेमात्रै विदेशी लगानी पनि भित्र्याउन सकिन्छ । हामीलाई थप लगानी चाहिएको छ । त्यसका लागि कानुनी तथा नीतिगत प्रबन्ध गर्न लागिएको छ ।'

उनले आन्तरिकरूपमा पनि नदी करिडोरलाई केन्द्रमा राखेर चार सय केभी क्षमताका छ वटा प्रसारण लाइन निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको र त्यसले केही समयभित्रै सार्थकता पाउने बताए । ऊर्जामन्त्री बस्नेतले निजी क्षेत्रलाई पनि प्रसारण लाइन निर्माण तथा विद्युत् व्यापारमा सहभागी गराउने उद्देश्यका साथ सरकारले नीतिगत प्रबन्ध गर्न लागेको स्पष्ट पारे ।

उत्पादन, वितरण र प्रसारणलाई एकीकृतरूपमा अगाडि बढाउने उद्देश्यका साथ सरकारले एकीकृत कार्ययोजना बनाएर काम थालिसकेको जानकारी दिँदै उनले आफूहरूको जोड आन्तरिकरूपमा बिजुलीको खपत बढाउने नै भएको बताए । आन्तरिकरूपमा खपत गरेर बढी भएको बिजुली मात्रै निकासी गर्ने सोचका साथ सरकारले काम गरिरहेको मन्त्री बस्नेतको भनाइ छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को हालै सम्पन्न भारत भ्रमणमा भएको सहमतिअनुसार १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यातसम्बन्धी विषयले समेत छिट्टै सार्थकता पाउने उनको भनाइ छ ।



यस्तै, बङ्गलादेशसँग पनि बिजुली निर्यातका लागि छिट्टै सम्झौतामा हस्ताक्षर हुने उनको भनाइ छ । बङ्गलादेशले तत्काल नै ४० मेगावाट बिजुली लैजाने तयारी गरेको छ । उनले निजी क्षेत्रलाई पूर्णरूपमा साथमा लिएर नै सरकार अगाडि बढ्न लागेको र सरकार, निजी साझेदारीलाई थप परिस्कृत कार्ययोजनाका साथ अगाडि बढ्ने बताए । निजी क्षेत्रको प्रवेशपछि ऊर्जा क्षेत्रमा गुणात्मक परिवर्तन भएको विषयमा आफू जानकार भएकाले थप लगानीका लागि आग्रह गरे ।

उनले केही आयोजनामा आवश्यक पर्दा मात्र नेपाल विद्युत् प्राधिकरणले बिजुली लिएको भन्ने निजी क्षेत्रको गुनासो सम्बोधन गर्न सम्बद्ध निकायसँग छलफल गर्ने स्पष्ट पारे । मन्त्री बस्नेतले विराटनगर, विरगञ्जलगायतका औद्योगिक क्षेत्रमा देखिएको बिजुलीको समस्या समाधान गर्न आफू तत्पर रहेको उल्लेख गरे ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष ढकालले प्राधिकरणले आवश्यक पर्दा मात्रै बिजुली किन्ने गरेकोले सबै उत्पादित बिजुली बिक्री गर्न नपाउँदा लगानीकर्ता समस्यामा परेको बताए । दोर्दी करिडोरमा प्रसारण लाइनको समस्याका कारण सञ्चालित आयोजना पूर्ण क्षमता चल्न नसकेको उनको भनाइ छ । अध्यक्ष ढकालले निजी क्षेत्रलाई लगानीका लागि सरकारले उत्प्रेरित गर्न ऊर्जामन्त्रीलाई आग्रह गरे ।

यस्तै, उद्योगी व्यवसायीले भोल्टेजको समस्या भोगेको तथा पटकपटक बत्ती काटिदा औद्योगिक क्षमता घटेको र उपकरणमा समस्या देखिएको भन्दै तत्काल समाधान गर्न अध्यक्ष ढकालले आग्रह गरे । अध्यक्ष ढकालले वैदेशिक लगानी भित्र्याउनका लागि निजी क्षेत्रले सार्थक पहल गरिरहेको जानकारी दिए । सो अवसरमा महासङ्घका अध्यक्ष ढकालले मन्त्री बस्नेतलाई ऊर्जा उद्यमीले बेहोर्नुपरेको समस्या समेटिएको ज्ञापनपत्रसमेत बुझाएका थिए ।

# 'महिला औद्योगिक पार्क देशैभर आवश्यक'

■ प्रभाव संवाददाता

**काभ्रे–** अर्थमन्त्री डा. प्रकाशशरण महतले काभ्रेपलाञ्चोक जिल्लाको पाँचखालमा निर्माण भइरहेको नेपालको पहिलो महिला उद्यमी विशेष औद्योगिक ग्रामको सञ्जाल देशैभर विस्तार गर्न आवश्यक रहेको बताएका छन् ।

दक्षिण एसियाली महिला मञ्चले आज काठमाडौंमा आयोजना गरेको एक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले महिला औद्योगिक पार्क अवधारणा अगाडि बढिसकेको र यसको काम प्राथमिकताका साथ अघि बढाइने बताए । 'महिला औद्योगिक पार्क निर्माणको काम अघि बढिसक्यो । यसलाई अब कसैले रोक्न सक्दैन । हेर्दा सामान्यजस्तो लाग्ने यो दूरगामी अवधारणासहितको परियोजना हो', अर्थमन्त्री महतले भने, 'महत्वपूर्ण सुरुआत भएको छ । यसलाई प्रभावकारीरूपमा कार्यान्वयनमा लैजानुपर्छ । देशैभरि यसको सञ्जाल विस्तार गर्नुपर्छ ।'

नेपालको ठूलो श्रमशक्ति विदेशिरहेकाले स्वदेशमै रोजगारी सिर्जना गर्न र उत्पादन बढाउनका लागि यो औद्योगिक पार्कले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास गरिएको उनको भनाइ थियो । ग्रामीण र आधुनिक अर्थतन्त्र निर्माणमा महिलाको भूमिका बढिरहेको र यसलाई राज्यले पनि प्राथमिकताका साथ प्रवर्द्धन गर्ने नीति लिएको अर्थमन्त्री डा महतले बताए ।

'देशैभरि लघुउद्यम व्यवसायमा महिलाको सहभागिता छ । घरघरमा उत्पादन भएका विभिन्न सामग्री व्यवसायीले निर्यात गरिरहेका छन् । सूचना प्रविधि क्षेत्रमा पनि सहभागिता बढ्दै गएको छ', उनले भने, 'अहिले कृषि व्यवसायमा धेरै ठूलो सम्भावना देखिएको छ । सूचना प्रविधि अर्को अवसरको क्षेत्र हो । महिला उद्यमीले उत्पादन गरेको वस्तुको प्रविधिलाई भरपूर उपयोग गरेर बजारीकरण गर्नुपर्छ ।'

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र पाँचखाल नगरपालिकाको सहकार्यमा सार्वजनिक-निजी साझेदारी अवधारणामा यस्तो ओद्योगिक पार्क निर्माण भइरहेको छ । गत जेठ दोस्रो हप्ता बसेको मन्त्रिपरिषद् बैठकले पाँचखालमा महिला उद्यमी विशेष औद्योगिक ग्राम स्थापना गर्ने घोषणा गरेको थियो ।

नेपालको हरित औद्योगिक अवधारणालाई एकीकृत जलवायु परिवर्तन अनुकूल बनाउनका लागि 'कृषि-पर्यटन हरित औद्योगिक पार्क' लाई ब्रान्डका रूपमा प्रचार गरिने जनाइएको छ । यो परियोजना नेपालमा पहिलो र दक्षिण एसियामा दोस्रो हो । यो औद्योगिक पार्कमा कृषि खाद्य क्षेत्रका साथै पर्यटन केन्द्रित सेवा क्षेत्रसँग सम्बन्धित ५० वटा साना उद्योग स्थापना गरिने जनाइएको छ ।

# राष्ट्रिय गौरवका आयोजनामा समय र लागत दुवै बढ्यो

■ रमेश लम्साल

**काठमाडौं–** 'विकासको पनि विकास'का रूपमा लिइने भौतिक पूर्वाधारअन्तर्गतका राष्ट्रिय गौरवका आयोजनाको प्रगति अपेक्षित रूपमा सन्तोषजनक नभएको पाइएको छ । एकाध आयोजनाको प्रगति राम्रो भए पनि अधिकांश आयोजना सम्पन्न हुन अझै केही वर्ष लाग्ने देखिएको छ । सरकारले नागरिकलाई सहज रूपमा सेवा उपलब्ध गराउने उद्देश्यका साथ अगाडि बढाएका राष्ट्रिय गौरवका आयोजना समयमा पूरा नहुँदा लागत र समय दुवै बढेको छ । यसबाट नागरिकले अपेक्षित लाभ लिन सकेका छैनन् भने सरकारले अन्य महत्त्वपूर्ण आयोजनासमेत सुरु गर्न सकेको छैन ।

भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय मातहत विभिन्न छवटा राष्ट्रिय गौरवका आयोजना छन् । ती आयोजना समयमै सम्पन्न हुन नसक्दा राज्यको दायित्व हरेक वर्ष बढ्दै गएको छ । सो मन्त्रालय मातहत रहेको कालीगण्डकी करिडोर (बेनी-जोमसोम योजना) आयोजना आव २०७३/७४ मा सुरु भएको हो । सो आयोजना आव आव २०८१/८२ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

आयोजनाको कूल लागत रु १० अर्ब ५७ करोड बराबर छ । हालसम्मको भौतिक प्रगति ७३ प्रतिशत बराबर छ । बाँकी रहेको एक सय दुई किलोमिटरमा कालोपत्रका लागि ठेक्का व्यवस्थापन हुन अझै बाँकी छ । दुईवटा पुलको ठेक्का व्यवस्थापन हुन बाँकी छ । आयोजनामा कूल पुल सङ्ख्या ३२ वटा छन् । सडकखण्डमध्ये एक सय किलोमिटर कालोपत्र भएको छ ।

यस्तै, कर्णाली करिडोर हिल्सा सिमीकोट सडक आव २०६९/७० देखि सुरु भएको हो । आयोजना आव २०८३/८४ मा सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको छ । आयोजनाको कूल लागत रु छ अर्ब ६६ करोड बराबर छ । हालसम्मको भौतिक प्रगति मात्रै २४ प्रतिशत बराबर छ । वित्तीय प्रगति २० दशमलव २१ प्रतिशत बराबर छ । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको उत्तर दक्षिण राजमार्ग कालीगण्डकी करिडोर गैंडाकोट राम्दी मालढुङ्गा खण्ड आव २०६६/६७ मा सुरु भएको हो । सो आयोजना आव २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आयोजनाको कूल लागत रु २५ अर्ब २२ करोड बराबर छ । हालसम्मको भौतिक प्रगति मात्रै ४५ प्रतिशत बराबर छ । त्यस्तै, वित्तीय प्रगति ४३ प्रतिशत बराबर छ । सो आयोजनामा कूल ५७ वटा पुल निर्माण गर्नुपर्नेमा हालसम्म ३० वटा सम्पन्न भएका छन् । यस्तै २७ वटा निर्माण हुन बाँकी छ । सो सडकखण्ड कूल दुई सय ४५ किलोमिटर रहेकामा एक सय ७७ किलोमिटर बराबर कालोपत्र भएको छ ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको उत्तर दक्षिण कोशी सडक योजना खाँदबारी किमाथाङ्का आव २०६५/६६ देखि सुरु भएको हो । सो आयोजना आव २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आयोजनाको कूल लागत रु ११ अर्ब ९३ करोड बराबर छ । हालसम्मको भौतिक प्रगति ४२ प्रतिशत र वित्तीय प्रगति ४२ प्रतिशत छ । सो आयोजनामा कूल २१ वटा पुल निर्माण गर्नुपर्नेमा हालसम्म ११ वटा मात्रै पूरा भएको छ । आयोजना कूल एक सय ६२ किलोमिटर रहेकामा आव २०७९/८० को अन्त्यसम्म ७४ किलोमिटर मात्रै ग्राभेल भएको छ ।

हुलाकी राजमार्ग आव २०६६/६७ देखि सुरु भएको हो । सो आयोजना चालु आवमा सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि कार्यप्रगति सन्तोषजनक नभएपछि आव २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । सो आयोजनाको लागत रु ६५ अर्ब २० करोड बराबर छ । सो आयोजनाको भौतिक प्रगति ९१ प्रतिशत र वित्तीय प्रगति ९१ प्रतिशत बराबर छ ।

हालसम्म रु ५९ अर्ब ६५ करोड बराबर खर्च भएको छ । आयोजनामा कूल दुई सय ५० पुल निर्माण गर्नुपर्नेमा एक सय ३२ वटा सम्पन्न भएका छन् । हालसम्म एक हजार ३९ किलोमिटर सडक निर्माण सम्पन्न भएको छ । कूल एक हजार आठ सय ५७ किलोमिटर निर्माण गर्नुपर्नेछ । यस्तै, कूल एक सय ६७ दशमलव पाँच किलोमिटर सडकखण्ड र ५० वटा पुलको ठेक्का व्यवस्थापन हुन बाँकी रहेको छ ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पुष्पलाल मध्य पहाडी राजमार्ग आव २०६४/६५ मा सुरु भएको हो । आयोजना आव २०७९/८० सम्पन्न गर्नुपर्ने भए पनि निर्माण पूरा नभएपछि आव २०८४/८५ सम्म लम्ब्याइएको छ । आयोजनाको कूल लागत रु ८४ अर्ब ३३ करोड बराबर छ । हालसम्म भौतिक प्रगति ७२ दशमलव ७० प्रतिशत र वित्तीय प्रगति ७६ दशमलव ८० प्रतिशत बराबर छ । हालसम्म आयोजनामा रु ६४ अर्ब ७६ करोड बराबर रकम 'मोबिलाइजेसन' पेस्कीसमेत गरेर खर्च भएको छ । सो आयोजनामा कूल एक सय ३७ पुल निर्माण गर्नुपर्नेमा हालसम्म एक सय दुईवटा निर्माण भएको छ ।

आव २०७९/८० को अन्त्यसम्म एक हजार चार सय दुई किलोमिटर बराबर सडक निर्माण पूरा भएको छ । सो आयोजनाको कूल लम्बाइ एक हजार आठ सय ७९ किलोमिटर छ । यस्तै, एक सय १६ किलोमिटर सडक र १५ वटा पुलको ठेक्का व्यवस्थापन हुन बाँकी छ । राष्ट्रिय गौरवका आयोजनाको भौतिक प्रगति गत आर्थिक वर्षभन्दा बढी भए पनि पूर्णरूपमा सन्तोषजनक नभएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ । अघिल्लो आवभन्दा गत आवको प्रगति राम्रो भएको सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले जानकारी दिए ।

राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी योजना र अन्य महत्वपूर्ण योजनालाई युद्धस्तरमा अगाडि बढाउन भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले निर्देशन दिए । वर्षौं पहिले निर्माणका काम थालिएका आयोजना पटकपटक म्याद थप्दा पनि नसकिँदा नागरिकमा गलत सन्देश गएको भन्दै मन्त्री ज्वालाले यो वा त्यो बहानामा निर्माण कार्य ढिला नगर्न निर्देशन दिए । 'अन्धाधुन्ध काम गरेरमात्र हुँदैन, शक्तिशाली सिंहजस्तै दुई कदम अगाडि बढ्ने र एक पटक समीक्षा गर्ने नीति लिएर निर्माण कार्यमा लाग्न जरुरी छ', मातहतका कर्मचारीलाई निर्देशन दिँदै मन्त्री ज्वालाले भने, 'प्रत्येक चौमासिकमा योजनाहरूको अनिवार्य समीक्षा गर्ने चलन बसालौं, त्यसले आयोजनामा देखिएका समस्याको पहिचान र समाधानको उपाय दिन्छ ।' मन्त्री ज्वालाले नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन काठमाडौं-तराई मधेस फास्ट ट्र्याकको कामलाई गति दिनुपर्ने बताए । *रासस*

# सिन्धुलीमा प्याराग्लाइडिङ

■ प्रभाव संवाददाता

**कमलामाई–** सिन्धुलीमा पहिलो पटक व्यावसायिक प्याराग्लाइडिङ सुरु भएको छ । यही साउन २२ गतेदेखि प्याराग्लाडिङ नियमित सञ्चालनमा आएको हो । वैशाख १२ गते पहिलो पटक परीक्षण उडान सफल भएको थियो ।

कमलामाई नगगरपालिका-६ लक्ष्मण चोक नजिकै रहेको प्रयास होटल प्रालिले र रु दुई करोडको लगानीमा व्यावसायिक प्याराग्लाडिङ सञ्चालनमा ल्याएको कम्पनीका सञ्चालक नेत्रजङ्ग थापाले बताए ।

कम्पनीले एकै समयमा पाँच वटासम्म प्याराग्लाइडिङ गर्ने गरी नागरिक उड्डयन प्राधिकरणसँग इजाजत पाएको छ । पाइलट दिलकुमार सुनुवार, विक्रम सुनुवार र शङ्कर थापा मगरले उडान भर्ने छन् । प्याराग्लाइडिङ गर्नका प्रतिव्यक्ति रु छ हजार पाँच सय शुल्क तोकिएको छ । जिल्लाका स्थानीयवासीलाई भने एक महिनासम्मका लागि रु एक हजार छुट गरिएको छ ।

प्याराग्लाइडिङको अवधिभरको फोटो तथा भिडियो, सिन्धुलीमाढी बजार क्षेत्रदेखि प्याराग्लाइडिङ उड्ने ठाउँसम्म र ल्यान्डिङ स्टेशनदेखि प्रयास होटलसम्मको ल्याउने र पुर्‍याउने सुविधासमेत यसै शुल्कअन्तर्गत रहेको कम्पनीका सञ्चालक थापाको भनाइ छ ।

प्याराग्लाइडिङ अवतरणका लागि जर्सेदमार, रातमाटा र खुलामञ्चलाई ल्यान्डिङ स्टेशन बनाइएको छ । प्याराग्लाइडिङको टेक अफ साइट समुद्री सतहबाट नौ सय ७० मिटर उचाइमा छ । प्याराग्लाइडिङ टेक अफ साइटबाट करिब एक हजार मिटर माथिसम्म उड्नेछ । यस्तै प्याराग्लाइडिङको ल्यान्डिङ स्टेशन समुद्री सतहबाट चार सय मिटरको उचाइमा छ ।

यहाँ साहसिक खेलका रूपमा लिइने प्याराग्लाडिङको मज्जा लिन आउने पर्यटकले जिल्लाको प्राकृतिक सौन्दर्य, मनोरम वातावरण, होचाअग्ला डाँडापाखा र थुम्काथुम्कीका लोभलाग्दा दृश्य देख्न सक्नेछन् । यसले सिन्धुलीको प्रचारप्रचार तथा समृद्ध जिल्ला बनाउन सहयोग पुग्ने पनि विश्वास लिइएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ